# बगनासकाली गाउँपालिकाको

# आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम

# बगनासकाली गाउँपालिका


## गाउँकार्यपालिकाको कार्यालय

चिर्तुङ्गधारा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

**Email:** baganaskali.rural@gmail.com,
**Website:** https://baganaskalimun.gov.np/

# <u>आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम</u>

बगनासकाली गाउँपालिकेो गाउँसभा (१४ औं अधिवेशन) मा उपस्थित सभका सदस्यहरु, पर्यवेक्षकको रुपमा जिल्ला समन्वय समिति सदस्य ज्यू, पत्रकार, सुरक्षाकर्मी, एवं कर्मचारी मित्रहरु म यस गाउँपालिकाको जननिर्वाचित प्रमुख र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत एवं आभार व्यक्त गर्न चाहन्छु ।

सर्वप्रथम, नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वतन्त्रता, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु । साथै जनतालाई सार्वभौम बनाउन विभिन्न चरणमा भएका आन्दोलनमा घाइते भएका घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै ती आन्दोलनहरूको नेतृत्व गर्नु हुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु,नेपाली समाजको रुपान्तरणमा उहाँहरूले पुर्‍याउनुभएको महान् योगदानको पुन:स्मरण गर्न चाहन्छु ।

**"समृद्ध बगनासकाली गाउँको सार : समग्र विकासको दिगो आधार"** भन्ने प्रमुख दिर्घकालीन सोँचका साथ हाम्रो यात्रा दिगो विकास, सुशासन र जनसेवाका लागि शुभारम्भ गरिएको पहिलो कार्यकाल व्यतित गरी दोस्रो कार्यकालको दोश्रो वर्षमा उभिएका छौं । प्रथम अवधिमा विकास र समृद्धिको दिशातर्फ उन्मुख हुने बलियो जग बसाल्ने प्रयास गर्न सफल भएका छौं । हामीले लुम्विनी प्रदेशमै प्रथम वालमैत्री गाउँपालिका घोषणा, राष्ट्रिय खोपको पूर्णखोप गाउँपालिका सुनिश्चतता घोषणा सम्पन्न, पाल्पा जिल्लामै पहिलो फुसको छानोरहित गाउँपालिका घोषणा, पूर्ण संस्थागत प्रसुती सेवा प्रदान गर्ने गाउँपालिका घोषणाजस्ता कार्यक्रम सम्पन्न गरिसकेका छौं । त्यसैगरी उज्यालो बगनासकाली अभियान, कृषि बिकासका लागि व्यवसायिकरण, आधुनिकिकरण र यान्त्रिकरणको शुरूवात, व्यवसायिक पशुपालन, जनताको स्वास्थ्यमा विशेष चासो, स्थानीय पाठयक्रम निर्माण तथा लागू, शैक्षिक योजना निर्माण गर्दै शैक्षिक गुणस्तर अभिवृद्धिका लागि गरिएका प्रयासहरू निरन्तर रूपमा अगाडी बढि रहेका छन् ।

हामी सबै जानकार नै छौं, हाम्रा चाहना र आवश्यकताहरू असिमित छन्, तर स्रोत र साधन सीमित छ । सिमित स्रोत र साधनको न्यायोचित वितरण तथा अधिकतम् प्रयोगबाट समग्र गाउँपालिका क्षेत्रका आम नागरिकको विकास तथा परिवर्तनको चाहनालाई सम्बोधन गर्न प्रयास गरिने छ । सिमित स्रोत र साधनलाई विनियोजन गर्दा प्राथमिकताका आधारमा योजना तथा कार्यक्रम छनौट गरी समूदायको अधिकतम जनसहभागिता, सहकार्य तथा सामूहिक स्वार्थ र साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने अहिलेको टड्कारो आवश्यकता र यथार्थ हो । यसलाई कार्यान्वयन गर्नका निम्ति सम्पूर्ण राजनैतिक दल, कर्मचारी, विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्था, विकास प्रेमी व्यक्तित्वहरू तथा निर्वाचित पदाधिकारी ज्यूहरूसँग सहयोग एवं सहकार्यको आशा र अपेक्षा गरेकी छु ।

जनताको अभिमत सहित हामी निर्वाचित भएर यस गाउँपालिकाको विकासमा योगदान गरी गाउँपालिकालाई सम्बृद्धि तर्फ लैजानका लागि अठोट एवं उद्देश्यका साथ आएका हौं । गाउँपालिकामा रहेका विविध समस्या र चुनौतिका वावजुत पनि यस गाउँपालिका क्षेत्रको समृद्धि र विकास कसरी गर्न सकिन्छ भन्ने तर्फ हामी निर्वाचित पदाधिकारीहरू निकै सचेत रहि गाउँपालिकालाई विकास तर्फ डोर्‍याउन उद्धत छौं भन्ने व्यहोरा जानकारी गराउन चाहन्छु । जनताको आकांक्षा, चाहना र भावनालाई सम्बोधन गर्ने दृढ संकल्पका साथ आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेकी छु ।

**गाउँसभाका सदस्यज्यूहरू,**

1. यस गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम बगनासकाली गाउँपालिकाले परिकल्पना गरेको **"समृद्ध बगनासकाली गाउँको सार : समग्र विकासको दिगो आधार"**

भन्ने दीर्घकालीन सोँच समेतका आधारमा आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा पछाडि परेका/पारिएका समुदायहरुलाई उच्च प्राथमिकतामा राख्दै आम गाउँपालिका बासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखी तयार पारिएको छ ।

2. गाउँपालिकाको नीति, योजना तथा कार्यक्रमहरू पहिचान गर्ने, नीतिगत निर्णय गर्ने, कानूनी प्रबन्ध मिलाउने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्न गाउँसभा, गाउँकार्यपालिका, अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखा प्रमुखहरू, विषयगत समितिहरू, वडा अध्यक्षहरू, गाउँ कार्यपालिकाका सदस्यहरू तथा वडा सदस्यहरू, अन्य सल्लाहकारहरू र कर्मचारी संयन्त्रबाट कार्य भई आएको व्यहोरा अवगत नै छ । गाउँपालिकाद्धारा सम्पादित कार्यहरुमा स्थानीय राजनीतिक दल, बुद्धिजिवी, स्वयंसेवी, नागरिक समाज र आम संचारको भूमिका अझ महत्वपूर्ण रहेको छ । यी सबै पक्षलाई ध्यान दिई नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, विभिन्न विषयगत कानूनहरू, बगनासकाली गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम र सोको कार्यान्वयनको अवस्था, नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, पन्ध्रौं योजना, लुम्बिनी प्रदेशको आवधिक योजना, दिगो विकास लक्ष्य, सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त तथा मार्गदर्शन, गाउँपालिकाको आवधिक र क्षेत्रगत योजनाले निर्दिष्ट गरेका दुरदृष्टि, लक्ष्य र उद्धेश्यहरू विभिन्न विषय विज्ञहरूबाट प्राप्त सुझावहरू समेतलाई आत्मसात गरी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

3. सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले गाउँपालिकाका कार्यहरुमा पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भ्रष्ट्राचारमुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिएकोछ । सबै स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ ।

4. गाउँपालिकाको भौतिक तथा सामाजिक उत्थानका योजनाहरु बनाउँदा वातावरणीय, जलवायु परिवर्तन तथा उत्थानशिलतालाई विशेष ध्यान दिइनेछ । समुन्नत गाउँपालिका निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार संघसंस्थाहरुको सहकार्यलाई आत्मसात गर्दै सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

5. गाउँपालिकाबाट प्रवाह गरिने सेवा प्रवाहको प्रवर्द्धन तथा व्यवस्थापनका लागि आवश्यक कानूनहरु (ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, दिग्दर्शन आदि) दीर्घकालिन, आवधिक र विषय क्षेत्रगत योजना, प्रोजेक्ट बैंक, गुरुयोजना तथा नीतिहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

6. गाउँपालिकावासीको जीवन पद्धतिमा अर्थपूर्ण परिवर्तन आउन सक्ने परियोजनाहरुलाई गाउँपालिकाको विशेष महत्वका आयोजना मानिनेछ र यस्ता आयोजनाहरु आगामी चार बर्षभित्रमा आधारभूत रुपमा सम्पन्न गरिनेछन् ।

7. गाउँपालिकाको हालै सम्पन्न स्थानीय सरकारको संस्थागत क्षमता स्व-मूल्याङ्कन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात् निर्माण गरिएको कार्ययोजना कार्यान्वयनका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अव म यस गाउँपालिकाको आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु । नीति तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व यस गाउँपालिकाको वार्षिक गाउँ विकास योजनाको सोंच, लक्ष्य र उद्देश्यको बारेमा छोटो प्रस्तुत गर्न चाहान्छु ।

गाउँपालिकाको दीर्घकालिन सोँच : **"समृद्ध बगनासकाली गाउँको सार : समग्र विकासको दिगो आधार"** रहेको छ ।

लक्ष्य : **गाउँपालिकाको सामाजिक, आर्थिक, मानवीय विकासमा अभिबृद्धि भई गाउँबासीको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ ।**

उद्धेश्य : **गाउँपालिकाको सामाजिक, आर्थिक, मानविय विकास समावेशी तथा गुणस्तरीय र वातावरणीय रुपमा सन्तुलित भई गाउँवासीको जीवनयापन गतिशील तथा सुरक्षित भएको हुनेछ ।**

## १. आर्थिक नीति :

### क) कृषि तथा पशु :

1. गाउँपालिका क्षेत्र अन्तर्गत प्रत्येक वडामा उत्पादन हुने कृषि उपज संकलनका लागि सहकारी संघ/संस्थाहरुसँगको सहकार्यमा कृषि उपज संकलन केन्द्र स्थापना तथा संचालन र बिकि वितरणको व्यवस्था मिलाइनेछ ।
2. गाउँपालिका क्षेत्रभित्र कृषि तथा पशु सेवा क्षेत्रमा पहुँच पुऱ्याउँन एक वडा एक कृषि/पशु प्राविधिकको व्यवस्थालाई समय सापेक्ष क्षमता विकास गर्दै कृषि/पशुको तथ्याङ्क संकलन विवरण तयार गरी सोही बमोजिम योजना तथा कार्यक्रम तय गरिनेछ ।
3. गाउँपालिका क्षेत्रभित्र तरकारी खेती प्रवर्द्धनको लागि उन्नत जातको बीउ बिजन व्यवस्थापन गरि तरकारी खेती प्रवर्द्धनको लागि टनेल (प्लाष्टिक घर) निर्माण गरिनेछ ।
4. गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने धान, गहु, कोदो र मकैको प्रशोधन गरि बीउ बिजन तयार गर्न प्रशोधन केन्द्र स्थापना गरिनेछ ।
5. गाउँपालिका क्षेत्रभित्रका ९ वटै वडामा आधुनिक मौरी पालन कार्यकमको थालनी गरि मौरीको घार वितरण गरिनेछ ।
6. गाउँपालिका क्षेत्रभित्रका युवा समुहले गरेका सामुहिक कृषि तथा पशुपालन प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
7. गाउँपालिकावाट उपलब्ध गराइने विभिन्न किसिमका कृषि तथा पशुपंक्षी सम्बन्धि अनुदान कार्यक्रमलाई व्यक्तिगत रुपमा वितरण कार्यलाई कम गर्दै समुहगत तथा दर्तावाला फर्मलाई उपलब्ध गराइनेछ । यसरी उपलब्ध गराउने अनुदान ५० प्रतिशत गाउँपालिका र ५० प्रतिशत सरोकारवाला समुह/फर्महरुले व्यहोर्नु पर्नेछ ।
8. रासायनीक विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै जैविक विषादी तयार गर्न आवश्यक वजेट विनियोजन गरि कार्यक्रम संचालन गरिनेछ ।
9. कृषि तथा पशुपंक्षी क्षेत्रको लागि उर्वर भूमी पत्ता लगाइ पशुपंक्षी, अन्नवाली र नगदेवालीको पकेट क्षेत्र निर्धारण गरिनेछ । यसका लागि माटो परिक्षण, हावापानी लगाएतका विषयमा बस्तुगत विवरण तयार गरेर मात्र कार्यक्रम अगाडी वढाइनेछ ।
10. कृषिलाई आधुनिक तथा व्यवसायिकरण गरी युवाहरुलाइ रोजगारी मार्फत गरिबी न्यूनिकरणमा टेवा पुऱ्याउने गरी कार्यक्रम तथा योजना तयार गरिनेछ ।
11. सहकारी तथा निजी क्षेत्रको लगानीमा गुणस्तरीय एवं आधुनिक बधशाला निर्माण तथा सञ्चालन गर्न सहयोग गरिनेछ । बध गरिने जनावरको स्वास्थ्य परीक्षण, सफा र स्वस्थ बधशालाको विकास, मासु पसलको गुणस्तरीयता परीक्षण गर्ने कार्यको शुरुवात गरिनेछ ।

12. तरकारी तथा फलफूल बजार, वधशाला, माछा-मासुका बजारलाई आधुनिकीकरण गरी व्यवस्थित गर्ने कार्यलाई अगाडि बढाइनेछ । यस्ता व्यवसायहरुको वस्तुगत बिवरण तयार गरी न्यूनतम मापदण्ड तोक्ने र अनुगमन गर्ने कार्य गरिनेछ ।

13. आधुनिक कृषि पद्धतीलाई विस्तार गरी परम्परागत निर्वाहमुखी खेती प्रणालीमा सुधार गरिनेछ साथै एक वडा एक उत्पादनको क्षेत्रलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने गरी गाउँपालिका र वडा कार्यालयवाट वजेट विनियोजन गरी आर्थिक समृद्धिका लागि कार्यक्रम तयार गरिने छ ।

14. गाउँपालिका क्षेत्रभित्र तरकारी तथा फलफुल उत्पादनको दृष्टिकोणले पनि राम्रो सम्भावना बोकेको क्षेत्र भएको हुँदा विभिन्न प्रकृतिको कृषि उत्पादनलाई मध्यनजर गरी सिंचाईको सुविधा उपलब्ध गराउन आवश्यक लिफ्ट सिँचाई, प्लाष्टिक पोखरी, आकाशे पानी संकलन, हिउँदे सिँचाई ट्याङकी, स्प्रिकंल सिंचाई, थोपा सिँचाई जस्ता उपयुक्त सिंचाई प्रविधिको लागि वजेट विनियोजन गरिने छ । यसबाट कृषि उत्पादनलाई थप टेवा पुग्ने आशा लिएकी छु ।

15. कृषि क्षेत्रको लागि अर्गानिक मल र औषधि तयार तथा विक्री वितरण गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

16. स्थानीय उत्पादनको प्रवर्द्धन तथा बजारीकरणका लागि नीतिगत र कार्यक्रम व्यवस्था गरी सो अनुसार बजार व्यवस्थापनका लागि पहल गरिनेछ ।

17. गाउँपालिकाको भौगोलिक बनावटलाई दृष्टिगत गरी अर्गानिक तरकारी खेती, वेमौसमी तरकारी खेती, पुष्प खेती, पशुजन्य उत्पादनका लागि कृषकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

18. कृषि क्षेत्रलाई कृषक समूह मार्फत मल, विउ र अन्य विविध अनुदान दिईनेछ ।

19. कृषकहरुको लागि सहुलियत दरमा रसायनिक मल उपलव्ध गराउन रासायनिक मलको डिलरसिपका लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।

20. गाउँपालिका क्षेत्रभित्रका कृषकहरुले पालन गरेका पशुपंक्षी बिमाको लागि आवश्यक पशुपंक्षी बिमा कार्यक्रमको लागी प्रोत्साहन गरिनेछ ।

21. एकल महिला, जनजाती, आदिवासी, दलित लगाएत पिछडिएको समुदायमा लक्षित पशुपक्षी तथा मत्स्य पालन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

22. गाउँपालिका क्षेत्रभित्रका वास्तविक कृषकको पहिचान गरी उहाँहरुले उत्पादन गरेका कृषि उपजको प्रर्दशन गर्ने गरी बृहत कृषि मेलाको आयोजना गरिनेछ ।

23. कृषि संकलन केन्द्र तथा कोल्ड स्टोर निर्माणका लागि प्रदेश तथा संघ मातहतका कार्यालयसँग समन्वय गरिनेछ ।

24. आर्थिक विकास क्षेत्रको मेरुदण्ड मानिएको कृषि तथा पशु विकासलाई उच्च प्राथमिकतामा राख्दै कृषि सहकारीहरूलाई अधिकतम रुपमा परिचालन हुने व्यवस्था मिलाइनेछ ।

25. गाउँपालिकाको आन्तरिक आय वृद्दिका लागि गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका विषयगत फार्म, व्यवसाय, समूह आदिलाई अनिवार्य रुपमा दर्ता तथा नविकरण गराउने अभियान सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

26. वडागत रुपमा कृषि विशेष क्षेत्र छनौट गरी अदुवा, हलेदो, पिडालु लगायत अन्य नगदे बालिका लागि **एक वडा : एक पकेट क्षेत्र** बनाइनेछ ।

27. सबै वडाहरुमा क्रियाशील रहेका कृषि संजालहरुसँग समन्वय गरी गाउँपालिका स्तरीय कृषिसंजाल गठन गर्ने र कृषक परिचय पत्र वितरणको व्यवस्था मिलाइनेछ ।

28. वितरणमुखी कार्यक्रमलाई निरुत्साहित गर्दै सामुहिक तथा सहकारी खेतीलाई प्रर्वधन गर्ने तथा बजारीकरणको व्यवस्था सुनिश्चित गरिनेछ ।

29. स्थानीय हाट बजारको सम्भाव्यता अध्ययन गरी कृषि उपज संकलन केन्द्र तथा कोशेली घर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

30. बाँझो जग्गालाई उपयोग गर्ने व्यवस्था मिलाउँदै माटो परीक्षण शिविर सञ्चालन गर्ने तथा स्थानीय रैथाने बाली उत्पादन, प्रवर्धन र संरक्षणमा विशेष प्याकेज कार्यक्रम तय गरि स्थानीय रैथाने बालीको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ ।

31. कृषि जनशक्तिको उचित व्यवस्थापन तथा एकिकृत तालिम गोष्ठीको व्यवस्था गर्दै उत्पादित वस्तुलाई प्रवर्धन र प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।

32. दोहोरो अनुदानलाई निरुत्साहित गर्दै एकद्वार प्रणालीबाट लक्षित वर्गसम्म सीप र अनुदान पुर्याउने तथा अनुदान प्राप्त कर्ताहरुको विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

33. किसानको खेती बालीको संरक्षणका लागि बाँदर लगायतका बन्यजन्तु व्यवस्थापन र नियन्त्रण गर्ने उचित प्रवन्ध मिलाउँदै **एक किसान : एक उत्पादन** लाई प्राथमिकता दिने नीति लिइनेछ ।

34. दुध उत्पादन गर्ने किसानहरुको लागि प्रोत्साहन स्वरुप प्रति लिटर रू ५ का दरले सहकारी मार्फत अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइने छ ।

35. कृषकहरुको सूचीकरणको व्यवस्था मिलाइनेछ ।

36. कृषकलाई नयाँ प्रविधि हस्तान्तरण गर्न तालिमको व्यवस्था गरिनेछ ।

37. दिगो अर्थतन्त्रको विकासका लागि गाउँपालिकामा **"एक घर एक करेसावारी"** को नीतिलाई लागु गरिनेछ भने गाउँपालिकाको विशेष पहिचान बोकेको उत्पादनको खोजी गरी सो को वजारीकरण गर्दै यसका उत्पादनहरुलाई अझ गुणस्तरीयता प्रदान गर्न विभिन्न राष्टि«य तथा अन्तराष्टि«य संघ संस्था तथा नीजि क्षेत्रसँगको सहकार्यलाई अगाडि बढाइने छ । यसको लागि आवश्यक श्रोतको व्यवस्था गरिनेछ ।

38. खानेतेल आयात न्यून गर्न तेलहन उत्पादन तथा गाई, भैसी पालन कार्यक्रमलाई प्रवर्धन गरी घ्यू उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

**(ख) सहकारी नीति :**

1. गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सहकारी संस्थालाइ प्रचलित कानुनको दायरामा ल्याइनेछ । साथै अव्यवस्थित एवं अमुर्त रुपमा संचालन भएका संस्थाहरुलाइ विषय र उद्धेश्य मिलान हुने गरि एकिकरण एवं खारेजी गरिनेछ । यसको लागि आवश्यक वजेट विनियोजन गरि सहकारीलाइ परिस्कृत तरिकाले संचालन गर्नका लागि वातावरण तयार गरिनेछ ।

2. "**समृद्धिको लागि सहकारी अभियान**"लाई सफल पार्न साना व्यवसायमा संलग्न व्यक्ति वा समूहलाई सहकारीमा आबद्ध गराई आत्मनिर्भर गराउने नीति लिइनेछ ।

3. विद्युतीय प्रणाली मार्फत सहकारी संस्थाको दर्ता, नियमन र प्रवर्द्धन गरिने कार्यलाई अगाडी बढाई थप प्रभावकारी बनाइनेछ । सहकारीलाई सहकारी तथा गरिबी सम्बन्धि व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गराइनेछ । यसका लागी लागत साझेदारीमा प्राविधिक सहयोग गरिनेछ ।

4. सहकारी संस्थाहरुलाई पालिकाको नीति तथा कार्यक्रम अनुसार कार्य गर्न उत्प्रेरित गराउनको लागि प्रोत्साहन र सहयोगका कार्यक्रमहरु तयार गरिनेछ।

5. सहकारी संस्थाहरुको नियमित अनुगमन गर्नको लागि जिल्ला संघसँग समन्वय गरी पालिका स्तरमा अनुगमन तथा मूल्याङ्कन संयन्त्र तयार गरि कार्य जिम्मेवारी सहितको नीति अवलम्बन गरिनेछ । यसका लागी १ जना अधिकृत स्तरको सहकारी शाखा हेर्ने कर्मचारी तोकिनेछ ।

6. पालिका भित्र दर्ता भएका सहकारीहरुको पहिचान, सक्रियता परिक्षण, ऐन तथा नीति, नियम पालनाको अवस्था, सहकारी भित्र सुशासनको अवस्था आदि विविध पक्षहरुको बारेमा विस्तृत सर्वेक्षण गरी तथ्यांक संकलन गर्ने र सक्रियताको आधारमा सहकारीहरुको वर्गिकरण गरिनेछ ।

7. उत्पादन वृद्धि, आयआर्जन वृद्धि र रोजगारी सृजनाको लागि कृषि, बहुउद्देश्यिय, बचत तथा ऋण र अन्य प्रकृतिका सहकारीहरुलाई उद्देश्य अनुसार कार्यगर्न प्रोत्साहित गरिनेछ । (जस्तैः कृषि सहकारीले कृषि उत्पादन, बजारीकरण, मुल्य अभिवृद्धि श्रृङ्खलामा काम गर्ने, बचत तथा ऋण सहकारीले कृषि उत्पादन, बजारीकरण, रोजगारी सृजना र आयआर्जनको लागि आवश्यक वित्तिय सहायता प्रदान गर्ने)

8. सहकारी संस्थाका सञ्चालक र सहकारीका अभियान्ता एवं कर्मचारीहरुको क्षमता विकासको लागि क्षमता विकास तालिम संचालन गरिनेछ । सहकारीको माध्यमबाट साना तथा घरेलु उद्योग सञ्चालन गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने नीति लिइनेछ ।

9. गाउँपालिका क्षेत्र भित्र रहेका सहकारीहरुको सूचना अद्यावधिक गरी सहकारीलाई नियमन गर्दै उनीहरुको क्षमता अभिबृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरीनेछ । यसको लागि गाउँपालिकास्तरीय सहकारी संघ बनाई सहकारी प्रबर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

10. गाउँपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरुसँग साझेदारी गरी उपलब्ध पूँजीलाइ उन्नत कृषि तथा पशुपालन कार्यमा लगानी गरिनेछ ।

11. गाउँपालिका क्षेत्रभित्र रही विधिवत् सञ्चालन नभएका सहकारी संस्थाको दर्ता अनुमति खारेजी र विघटन समेत गरिनेछ ।

12. गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका विधि र प्रक्रिया पुरा गरी विनियम संशोधनको लागी कागजात पेश गरेमा आवश्यक सहजिकरण गरिनेछ ।

**ग) उद्यमशीलता प्रवर्द्धन नीति :**

1. गाउँपालिका क्षेत्रभित्र विभिन्न उद्यम गरिरहेका शिल्पीहरुको सीप उपयोग तथा विकासका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ । युवाहरुलाई स्वदेशी उद्यममा आकर्षण गर्न स्वदेशी वस्तुहरुको उत्पादन, प्रबर्द्धन र बजारीकरणलाई प्रोत्साहन गरिनेछ । सेवा मुलक उद्योगलाई प्रश्रय तथा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

2. स्वरोजगारीका अवसर सृजना गर्न युवाहरुलाई लक्षित गरी विभिन्न किसिमका व्यवसायिक तालिमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइ थप व्यवस्थित गरिनेछ ।

3. झोल सावुन, डल्लो सावुन, अगरवत्ती, चाउमिन तथा पाउरोटी जन्य खाद्य उत्पादन तालिमको व्यवस्थापन गरिनेछ ।

4. स्थानीय सालका पातबाट दुना/टपरी तयार गरी स्थानीय स्तरमा प्रयोगको लागि अनिवार्य गरि त्यसको लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ । यसका लागी अन्य तयारी प्लाष्टिक जन्य भाँडा वर्तनको प्रयोगमा रोक लगाइनेछ ।

5. उद्यमशिलता विकास गर्न उद्यम विकास कोष स्थापना गर्न पहल गरिनेछ । गाउँपालिका क्षेत्र भित्रका उद्यमीहरुले उत्पादन गरेका सामाग्रीहरुको विक्रि वितरणको लागि साझा सुविधा केन्द्र, लघु, साना तथा

घरेलु उद्योगहरुबाट उत्पादित सामान बिक्रि वितरणको लागि बजारमा सञ्चालित विक्रि कक्षसँग समन्वय गरी उत्पादित वस्तुको प्रबर्द्धन साथै वजार व्यवस्थापनमा जोड दिइने छ ।

6. गाउँपालिका भित्रका उद्यमी, उद्योग तथा प्रशिक्षकहरुको तथ्यांङ्क अभिलेखीकरण गरिनेछ ।
7. बजारको माग पहिचान र उद्यमीको दिगो व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
8. लघु उद्यमीहरुलाई उद्यम सञ्चालन गर्नका लागि बिना धितो सहुलियत ऋण कार्यक्रमका लागी पहल गरिनेछ ।
9. सम्भाव्य उद्यमीहरुको पहिचान गर्दै वैदेशिक रोजगारबाट फर्किएका युवाहरुको ज्ञान, सीप र पूँजीको प्रयोग गरी रोजगार प्रवर्द्धनका लागि नीति, कार्यक्रम ल्याइनेछ ।
10. हालसम्म गरेका उद्यम सम्बन्धी क्रियाकलापहरुको डकुमेन्ट्री तयार गरिनेछ ।
11. व्यवसाय गरि रहेका उद्यमीहरुको नियमित अनुगमन, मूल्याङकन र परामर्श सँगै व्यवसाय वृद्धि र बिस्तारका लागि आवश्यक आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराइने छ ।
12. युवालाई परिचालन गर्दै आर्थिक विकासलाई टेवा दिनको लागि युवा-युवतीलाई स्वरोजगार बनाउने व्यवस्था मिलाइनेछ ।
13. स्थानीय स्तरमा उत्पादन गरिने घरेलु मदिरालाई निश्चित कार्यविधि बनाई गुणस्तर परिक्षण तथा मुल्य निर्धारण गरी गाउँपालिका क्षेत्रबाट बाहिर निर्यात गरिनेछ । यसबाट गाउँपालिकाको आन्तरिक आम्दानी उल्लेख्य बृद्धि हुने विश्वास लिएकी छु ।

**(घ) उद्योग तथा व्यापार नीति :**

1. गाउँपालिकाभित्र संचालित होटेल, रेष्टूराँ, खाद्यान्न तथा लत्ताकपडा र खुद्रा पसलहरुलाई प्रोत्साहित गरिने नीति लिइनेछ ।
2. गाउँपालिका क्षेत्रमा सञ्चालित साना तथा घरेलु उद्योगहरुको सूचि तयार गरिनेछ । उक्त उद्योगहरुलाई गाउँपालिकामा दर्ता गराई त्यस्ता उद्योगहरुको प्रवर्द्धनमा गाउँपालिकाले सहजिकरण गर्ने गरी कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्नेछ ।
3. उद्योगी, व्यवसायी तथा स्थानीय समुदायसँगको सहकार्यमा विभिन्न अवसरमा स्थानीय उत्पादनको व्यापार प्रवर्द्धन मेला आयोजना गरिनेछ ।
4. गाउँपालिका क्षेत्रभित्र संचालित सम्पूर्ण व्यवसायलाई व्यवसाय दर्ता तथा नविकरणका लागि अनिवार्य गरिनेछ । यसरी दर्ता तथा नविकरण नगर्ने व्यवसायीलाई नियमानुसार कारवाही गरिनेछ ।
5. गाउँपालिका क्षेत्रभित्र दर्ता गर्ने व्यापार व्यवसायलाइ क्षेत्रगत रुपमा वर्गिकरण गरि सोही अनुसार दर्ता तथा नविकरण गरिनेछ ।
6. गाउँपालिकामा दर्ता भएका व्यापार व्यवसायहरु जुन उद्धेश्य र सामाग्री वितरणको लागि दर्ता भएका हुन् सोही बस्तु मात्र विक्री वितरण गर्न पाउने व्यवस्थालाइ निश्चित कार्यविधि तयार गरि कडाइका साथ लागु गरिनेछ ।

**(ङ) पर्यटन नीति** :

1. पर्यटन प्रवर्द्धनको माध्यमबाट स्थानीय जनताको जीवनस्तर उकास्न पर्यटन पूर्वाधारको निर्माण,संरक्षण, सम्बर्द्धन र बिस्तारमा जोड दिने नीति लिइनेछ

2. गाउँपालिका भित्र पर्यटन विकास, विस्तार र सम्बर्द्धनका लागि गाउँपालिकास्तरीय पर्यटन गुरु योजना तयार भैसकेका हुँदा गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण धार्मिक धरोहर, शक्तिपिठहरु, तथा पर्यटकीय क्षेत्रको क्रमश विस्तृत विकासमा टेवा पुग्ने कार्यक्रम तथा योजना तयार गरि पर्यटन पद मार्गको रुट तयार गरिनेछ ।

3. गाउँपालिका क्षेत्रमा रहेका वन तथा सार्वजनिक क्षेत्रलाई सार्वजनिक नीजी साझेदारी कार्यक्रमको अवधारणा अनुसारको नीति तय गरी उक्त क्षेत्रमा ताल, वोटानिकल पार्क सहितको मनोरञ्जन पार्कको विकास गरी आन्तरिक तथा वाह्य पर्यटकको गन्तव्य स्थलको रुपमा विकास गर्दै लगिनेछ । यसको लागि आवश्यक नीति तयार गरिनेछ ।

4. गाउँपालिकामा पर्यटन केन्द्रको स्थापना गरि आन्तरिक पर्यटन प्रवद्धन गर्न विभिन्न कार्यक्रम गरिनेछ ।

5. संवेदशील एवं जलवायु संकटासन्न र जोखिममा रहेको पर्यटन स्थल र सांस्कृतिक सम्पदाको पहिचान गरी त्यस्ता क्षेत्रहरुको स्थानीय समुदाय र संघसंस्थाको सकृय सहभागितामा संरक्षण र व्यवस्थापन गरिनेछ ।

6. गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय स्थलको एकीकृत रुपमा बिकास तथा प्रवर्धनका लागि गुरुयोजना बनाउनुका साथै होमस्टे सञ्चालन गर्नका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

7. विभिन्न जातजाति, भाषा-भाषी, धर्म संस्कृति र परम्परामा आधारित मठ मन्दिर, गुम्बा, चर्च, मस्जिद विहार जस्ता सम्पदा तथा असल संस्कृतिको प्रवर्द्धन जोड दिइनेछ ।

8. सुरक्षित पर्यटकिय गाउँको अवधारणाको विकास गर्दै होमस्टे र पिकनिक स्पोर्टलाई प्रभावकारी रुपमा सञ्चालन गर्न अध्ययन, अनुसन्धान र विविध तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

**(च) सार्वजनिक निजी साझेदारी नीति :**

1. सार्वजनिक निजी साझेदारीमा संचालन गरिने कार्यक्रमलाई प्राथमिकता दिइनेछ । सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने परियोजनाहरुको पहिचान, अध्ययन, विश्लेषण, मूल्यांकन तथा छनौट गरि अघि बढाइनेछ । जनस्वास्थ्य, शिक्षा, उद्यमशीलता तथा वातावरणको दिगो विकासको लागि Public People Partnership कार्यक्रमको शुरुआत गरिनेछ ।

2. वातावरण संरक्षणको क्षेत्रमा सार्वजनिक निजी साझेदारीको अवधारणा अवलम्बन गर्दै टोल विकास संस्था,नागरिक तथा नीजि क्षेत्र र गैरसरकारी संघ संस्थाहरुको परिचालनलाई जोड दिइनेछ ।

3. गाउँपालिकाले निजीक्षेत्रसँग साझेदारी गरी पूर्वाधार तथा अन्य क्षेत्रको विकासका लागि प्रचलित ऐन अनुसार सार्बजनिक निजी साझेदारी कार्यविधि तयार गरि आवश्यकता अनुसार योजना तथा कार्यक्रम संचालन गरिनेछ ।

**२. सामाजिक विकास नीति :**

**(क) शिक्षा नीति :**

1. गाउँपालिकाले विपद् व्यवस्थापन, बन तथा वातावरण, कृषि र स्थानीय भाषा, रहनसहन, सस्कृति, नैतिक शिक्षा क्षेत्र समेटिने गरि स्थानीय पाठ्यक्रम निर्माण गरि पठनपाठन संचालन गरिनेछ ।

2. जीवनउपयोगी, आधुनिक, व्यवसायिक एवं प्रविधियुक्त शिक्षामा जोड दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरिनेछ ।

3. विद्यार्थीहरुलाई आफूले निर्माण गरेका र सिकेका कुराहरुको प्रर्दशन गर्ने अवसर पाउने गरी वार्षिक **"सिकाई तथा शैक्षिक मेला"** आयोजना गरिनेछ ।

4. स्थानीय शिक्षा ऐनलाई समय सापेक्ष संशोधन गरी सामुदायिक विद्यालय शिक्षक तथा शिक्षाको गुणस्तर सुनिश्चित गरिनेछ ।
5. विद्यालयहरुमा आवश्यक न्यूनतम पूर्वाधार, पुस्तकालय, कक्षाकोठा, लैङ्गिकमैत्री शौचालय तथा अपांगमैत्री संरचनाहरुको व्यवस्था गरिनेछ ।
6. आधारभुत विद्यालय (बाल कक्षा देखी ५ सम्म) अंग्रेजी माध्यमवाट पठन पाठन गर्न गराउन आवश्यक पहल गरिनेछ ।
7. शैक्षिक सुधार कार्यक्रम अर्न्तगत अनुभवी विज्ञहरुको उपस्थिति एवं परामर्शमा गाउँपालिका स्तरीय बृहत शैक्षिक मेला कार्यक्रम संचालन गरिनेछ ।
8. शिक्षालाइ घोकन्ते शिक्षा प्रणालीवाट सोच्ने, सोध्ने र सिक्ने शिक्षा प्रणालीको विकास गरि रोजगारमूलक शिक्षण सिकाई गरिनेछ ।
9. हरेक वडामा कम्तीमा एक विद्यालयलाई नमूना प्रारम्भिक वाल विकास कार्यक्रम संचालन गरिनेछ । पाँच वर्ष मुनिका बालबालिकाको सर्बाङ्गीण विकासका लागि स्थानीय तहमा प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन अनिवार्य गरिनेछ । कार्यक्रमको गुणस्तर वढाउन सहयोगी निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
10. आधारभूत शिक्षामा देखिएको न्युन सिकाई तथा कोभिड र अन्य विपदको कारणले भएको सिकाई क्षतिलाई पूर्ति गर्न सुधारात्मक कक्षा (Remedial Class) को प्रवन्ध गरिनेछ ।
11. फरक क्षमता भएका तथा आर्थिक र सामाजिक रुपमा पछाडि परेका समुदायवाट आउने विद्यार्थीहरुलाई विशेष विद्यालय र आवासिय छात्रवृत्तिको व्यवस्था गर्न पहल गरिनेछ ।
12. विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि **गुणस्तरीय दिवा खाजा कार्यक्रम**लाई प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ ।
13. जागरुक अभिभावक बनाउनको लागि अभिभावकको विद्यालयमा उपस्थिती वढाउन अभिभावक अभिमुखिकरण साथै अभिभावक सम्मान कार्यक्रम संचालन गरिनेछ ।
14. उत्प्रेरित शिक्षक बनाउनका लागि विषयगत शिक्षकहरुको रोष्टर तयार गर्ने, क्षमता विकास, उत्कृष्ट शिक्षक पुरस्कार, सूचना प्रविधिसँग जोड्ने व्यवस्था साथै सेवा र सुविधाहरु समयानुकुल वढाउदै लगिनेछ ।
15. छात्राहरुलाई निःशुल्क रुपमा विद्यालयमा नै गुणस्तरीय सेनेटरी प्याडको नियमित उपलव्धताको सुनिश्चिततालाई निरन्तरता दिइनेछ ।
16. विचैमा विद्यालय छोड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक पूर्वाधार निर्माण गर्नुका साथै बालमैत्री शिक्षण विधि अबलम्बन गरिनेछ । जेहेन्दार, गरिब तथा विपन्न वर्गका वालवालिकाहरुलाई आवश्यकता अनुसार पाठ्यपुस्तक, पाठ्यसामाग्री र पोशाक लगायतका सामाग्री उपलब्ध गराई अभिभावकत्व प्रदान गर्ने कार्यको शुरुवात गरिनेछ ।
17. गाउँपालिका क्षेत्रभित्र कार्यरत बाल विकास शिक्षक तथा विद्यालय कर्मचारीका लागि उचित सम्बोधनको लागि पहल गरिनेछ ।
18. विद्यालयमा अभिभावक शिक्षा, बाल कक्षा पुस्तकको व्यवस्था, शिक्षाको गुणस्तर सुधार गर्ने कार्यक्रम ( नर्सरी, एल्केजी, युकेजी संचालन गर्ने आदि) ल्याउने व्यवस्था मिलाइनेछ ।
19. **गुणस्तरीय शिक्षा : बगनासकालीको प्रतिवद्दता** भन्ने नारालाई सार्थक बनाउन सबै सामुदायिक विद्यालय र विद्यार्थीमा पठनपाठन, पोशाक, सेवा सुविधा आदिमा एकरुपता कायम गर्ने र अगामी पाँच वर्षसम्मको

शैक्षिक योजना बनाउने व्यवस्था मिलाइनेछ भने कृषि र पशु सेवातर्फको प्राविधिक शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

20. विद्यालय व्यवस्थापन समितिलाई चुस्त दुरुस्त पार्दै शिक्षकहरुको शिक्षण क्षमता अभिबृद्दि गर्ने र अविभावकसँगको सम्बन्ध सुमधुर बनाउँने कार्यक्रम ल्याइने छ ।

21. शिक्षा ऐनको तर्जुमा गर्ने, शिक्षा क्षेत्रको सुधारको मापदण्ड बनाई लागु गर्ने तथा सामाजिक विकास क्षेत्रमा गरिने विषयगत कार्यक्रममा दोहोरोपना नआउने व्यवस्था मिलाइनेछ ।

22. राष्ट्रपति रनिङ्ग शिल्डजस्ता विद्यार्थी खेलकुदलाई प्राथमिकता प्रदान गर्दै शिक्षकहरूको चौमासिक तलव भत्ता दिदै आएकोमा मासिक रुपमा भुक्तानी गर्ने व्यवस्थाको लागी आवश्यक पहल गरिनेछ ।

**23.** सामुदायिक विद्यालयहरुमा विद्यार्थीको स्वास्थ्य जाँच गर्ने विभिन्न विषयगत शिविरजस्ता कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

24. **प्राविधिक तथा व्यवसायिक शिक्षाको बिस्तार, समृद्ध गाउँपालिका निर्माणको आधार**लाई साकार पार्न गाउँपालिका क्षेत्रभित्र स्थापना भएको विषयगत प्राविधिक शिक्षालयलाई **“व्यवसायिक सीप विद्यालय”** को रुपमा विकास गरि विद्यार्थिलाई कमाउदै सिक्दै गर्ने वातावरण तयार गरिनेछ ।

25. गाउँपालिका भित्र एउटा सुविधा सम्पन्न उत्कृष्टताको केन्द्र "Center of Excellence" को रुपमा अगुवा विद्यालय ( Lead School ) विकास गरिनेछ ।

26. गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुलाई उपलब्ध गराउँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

27. जवाफदेही शिक्षा प्रणाली विकासका लागि विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको विद्युतीय माध्यमबाट रेकर्ड र रिपोर्टिङ्ग प्रणालीको स्थापना साथै निरन्तर अनुगमन गर्ने प्रणालीको विकास गरिनेछ ।

28. गाउँपालिका क्षेत्र भित्रका सवै विद्यालयहरुमा सि.सि. क्यामेरा र विद्युतीय हाजिरी प्रणालीलाई लागु गरिनेछ । यसले सार्वजनिक सेवा तथा क्षमता विकासमा ठुलो टेवा पुग्नेछ ।

29. विद्यालय भर्नादर बृद्धि गर्ने तथा कक्षा छोड्ने दर न्यून गर्न विद्यालय भर्ना अभियान र विद्यालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । साथै सरकारी, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाको सहयोग, समन्वय र सहकार्यमा औपचारिक शिक्षाबाट बञ्चित बालबालिका तथा बयस्कका लागि वैकल्पिक शिक्षा र साक्षरता कक्षाहरु संचालन गर्न विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरिनेछ । सामुदायिक सिकाई केन्द्रलाई क्रियाशिल बनाई सामाजिक विकासका विविध कार्यहरुमा सक्रिय वनाइनेछ ।

30. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि र प्रोत्साहनका लागि आधारभूत तह र माध्यमिक तहको परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने ३/३ विद्यालयलाई प्रत्येक वर्ष उत्कृष्ट शिक्षा पुरस्कार प्रदान गर्ने कार्यको थालनी गरिनेछ भने गाउँपालिका क्षेत्र भित्र हरेक वर्ष एस. ई. ई. मा उत्कृष्ट नतिजा ल्याउने सामुदायिक विद्यालयका छात्र/छात्रा १/१ जनालाई सम्मान गर्ने कार्यको थालनी गरिनेछ ।

31. सामुदायिक विद्यालयभित्रका खुला स्थानहरुलाई धुलोमुक्त बनाउने, फलफूलको विरुवाहरु रोपी हरित विद्यालय बनाउने, बाल, लैङ्गिक तथा अपाङ्गतामैत्री संरचना निर्माण गर्ने, सुरक्षित पिउने पानीको व्यवस्था गर्ने, खुल्ला क्षेत्रमा पानी पुनर्भरण (रिचार्ज) कार्यक्रम, फोहोरमैला राख्ने भाँडोको प्रवन्ध गर्ने, सबै बिद्यालयहरुमा बालमैत्री संरचना बनाउने तथा चित्र र सन्देशहरु लेख्ने एवं एउटै रङ्ग लगाउने लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

32. गाउँपालिका क्षेत्र भित्रका विद्यालयको नक्साङ्कन तयार गरी विशिष्टिकृत कार्यविधि तथा मापदण्ड तयार गरी विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यलाई बैज्ञानीक प्रणाली अपनाई **शैक्षिक क्षेत्रको नीति, योजना र शासकिय सुधार** गरि थप व्यवस्थापन र गुणस्तरीय शिक्षामा जोड दिईने छ ।

33. गाउँपालिका क्षेत्रभित्र उच्च शिक्षा सञ्चालन गर्ने क्याम्पस, तालिम केन्द्र जस्ता प्राज्ञिक विषयहरु सञ्चालनमा इच्छा जाहेर गर्ने राष्ट्रिय स्तरका निकायहरुसँग सहकार्य गर्ने नीति लिईने छ ।

34. गाउँपालिका भित्र रहेका सवै विद्यालयहरुमा ध्यान, योगाभ्यास मनोसामाजिक परामर्श तथा स्काउट सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

35. गाउँपालिकाले विभिन्न क्षेत्रमा प्राविधिक विषयमा छात्रवृत्ति दिई उच्च शिक्षा अध्ययनको लागि अवसर दिने तथा अध्ययन पश्चात अनिवार्य रुपमा गाउँपालिका भित्र कम्तिमा २ वर्ष सेवा गर्नुपर्ने व्यवस्था मिलाइ प्राविधिक शिक्षाको पहुँच वढाइनेछ ।

36. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र अन्य अभिभावकहरुलाई क्रियाशिल वनाउनको लागि विशेष तालिम, अन्तरक्रिया तथा अन्य अभियानहरु सञ्चालन गरिनेछ ।

37. विपद्मा वालवालिकाहरुलाई पूर्व तयारी तथा प्रतिकार्यको विषयमा आधारभूत जानकारी विद्यालयमा प्रदान गरी सुसूचित गराईनेछ । विपद्मा टोल सिकाई तथा स्वयंसेवक शिक्षक व्यवस्थापन गरि बैकल्पिक शिक्षा दिने व्यवस्था मिलाइनेछ ।

38. गाउँपालिका क्षेत्रभित्र **Multi Grade-Multi Leve Methodlogy (MGML) "बहु कक्षा बहु स्तर सिकाइ"** पद्धती लागु गरिनेछ ।

39. विद्यार्थीहरुलाई आफुले निर्माण गरेका र सिकेका कुराहरुको प्रदर्शनी विज्ञ अनुभवीहरुको उपस्तिीमा गाउँपालिकास्तरीय बृहत सिकाई शैक्षिक भेला सञ्चालन गरिनेछ ।

40. विद्यालयलाई नेपाल सरकारले शान्ती क्षेत्र घोषणा गरी सकेको अवस्थामा गाउँपालिका स्थित विद्यालयलाई बन्द एंव हडताल निषेधित क्षेत्र घोषणा गरी कडाईका साथ कार्यान्वयन गरिनेछ ।

**(ख) स्वास्थ्य तथा पोषण नीति :**

गाउँपालिकाको स्वास्थ्य सम्वन्धि नाराः **"कोखदेखी शोकसम्म बगनासकाली सरकार "** रहेको छ ।

1. जनस्वास्थ्यमा लगानी वढाउनको लागि स्वास्थ्य क्षेत्रको वजेटलाई बृद्धिगरि स्थानिय स्वास्थ्य प्रोफाईल निर्माण गरि **सबै नीतिमा स्वास्थ्य** ( Health in All Policies ) भन्ने मान्यतालाई अगाडि वढाउदै स्वास्थ्यल लक्ष्य निर्धारण गरि योजना, वजेट र कार्यक्रम तर्जुमा गरि आधारभूत स्वास्थ्यसेवालाई सर्वसुलभ, कम खर्चिलो तथा गुणस्तरीय एवं भरपर्दो बनाउने नीति लिइनेछ ।

2. स्थानिय स्वास्थ्य प्रणालीको विकास र सवलीकरणका लागि आधारभूत स्वास्थ्य सेवा, आयूर्वेद र वैकल्पिक चिकित्सा, मानसिक तथा निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र पूर्नस्थापनात्मक सेवालाई एकिकृत रुपमा स्थापना गरिनेछ ।

3. गाउँपालिकाबाट सञ्चालन गरिएका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य एकाईहरुको क्रमिक रुपमा स्तरोन्नती गरी सञ्चालन गरिनेछ । सरकारले तोके बमोजिमका ९८ थरिका औषधी निःशुल्क तथा सहज रुपमा वितरण गरिनेछ ।

4. गाउँपालिकामा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले गरेको योगदानको कदर गर्दै हाल पाईरहेको सेवासुविधामा निरन्तरता दिइनेछ । साथै निश्चित विधि तयार गरि उमेरको हद समेत तोकी दिर्घ सेवा सुविधा स्वरुप आवश्यक रकमको व्यवस्था गरि विदाइ गरिनेछ ।

5. वढ्दै गएको नसर्ने रोगहरू तथा मानसिक रोगहरुको प्रभाव न्युनीकरणका लागि स्वास्थ्य सचेतना, उपचार तथा व्यवस्थापनको सहज पहुँच विस्तार तथा आवश्यकता अनुसारको पूर्नस्थापना सेवा समेत स्थापना गरिनेछ। विशेष राहत कोष स्थापना गरी आवश्यक सहयोग तथा व्यवस्थापनमा जोड दिईनेछ।

6. विद्यालय स्वास्थ्य शिक्षा, विद्यालय नर्स किशोर किशोरी मैत्री स्वास्थ्य कार्यक्रम गरिनेछ।

7. टेलिमेडिसिन सेवा तथा ल्याव सेवालाई स्वास्थ्य संस्थाहरुमा विस्तार गर्नका लागि आवश्यक कार्यहरु गरिनेछ।

8. आमा सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिई सुत्केरी भेट, मोवाईल स्वास्थ्य, जन्म पूर्व तयारी, नियमित अल्ट्रासाउण्ड, गर्भवती स्याहार अभियान, सुरक्षित मातृत्व खोप महिना जस्ता कार्यक्रमलाई नियमित संचालन गरी अन्य नविनतम् कार्यहरुको थालनी गरिनेछ ।

9. **विकासमा महिला, काममा पहिला** भन्ने नारालाई आत्मसाथ गरी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु मार्फत स्वास्थ्य आमा समुहहरुको प्रभावकारी र व्यवस्थित परिचालन गरिनेछ ।

10. पूर्ण संस्थागत सुत्केरी भएको गाउँपालिकालाई निरन्तरता दिइनेछ र सम्पूर्ण वडामा सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गरिनेछ।

11. गाउँपालिका अन्तर्गत स्वास्थ्य शाखामा कार्यरत नर्सलाई परिचालन गरी एक विद्यालय एक नर्सको अवधारणा अनुरुप निश्चित सामुदायिक विद्यालयमा स्वास्थ्य परिक्षण/उपचार कार्यलाई व्यवस्थित गरिनेछ।

12. स्वास्थ्य, सरसफाई र पोषणको क्षेत्रमा क्रियाशिल गैर सराकारी संस्थाहरु तथा सरकारी निकायसँग साझेदारी तथा सहकार्य गर्दै संचालित कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ।

13. स्वास्थ्य सम्वन्धी अन्य सचेतना फैलाउन सडक नाटक, प्रर्दशनी, तालिम, क्षमता विकासका गतिविधिहरु साथै आवश्यकता अनुसारको रेडियो कार्यक्रमहरु संचालन गरी स्वास्थ्य सम्वन्धी विविध विषयमा सामाजिक सचेतीकरण गरिनेछ ।

14. सवै वडामा संचालनमा रहेको सुरक्षित प्रसुती सेवालाई व्यवस्थित वनाईनेछ। प्रसुती प्रतिक्षालय घर, आकस्मिक सुरक्षित प्रसुती कोष साथै जन्म केन्द्रको लागि आवश्यक औजार तथा उपकरणको सहज व्यवस्थापनका लागि आवश्यक कार्यहरु गरिनेछ ।

15. प्रजनन् रुग्णता भएका महिलाहरुलाई विशेष उपचार तथा स्याहारको व्यवस्था मिलाईनेछ। पाठेघर खस्ने तथा अब्सट्रेटिक फिस्टुला भएकाहरुलाई निःशुल्क उपचार तथा सामाजिक पूर्नस्थापनाको व्यवस्था मिलाइनेछ । पाठेघरको मुखको क्यान्सर पत्ता लगाउनको लागि कम्तीमा एउटा स्वास्थ्य संस्थावाट नियमित परिक्षणको व्यवस्था गरिनेछ र अन्य स्वास्थ्य संस्थाहरुमा भि.आई.ए./HPVDNA जाँचको स्वास्थ्य शिविरको व्यवस्था मिलाईनेछ।

16. सवै स्वस्थ आमा समुहहरुलाई गाउँपालिकामा विधिवत दर्ता गरि गाउँपालिका स्तरमा स्वास्थ्य आमा समूह संजाल निर्माण गरि नियमन तथा प्रभावकारी परिचालनको व्यवस्था मिलाइनेछ।

17. गाउँपालिका तथा निर्माण गरिने संरचनामा स्तनपान कक्ष निर्माण गरि संचालन गरिनेछ।

18. ६० वर्ष माथिका नागरिक, गर्भवती महिला, दीर्घरोग भएका, अपांगता भएका र स्वास्थ्य संस्थाको पहुँचमा पुग्न नसकेका व्यक्तिलाई नियमित परीक्षण, परामर्श, औषधी र उपचार सहित घरमै स्वास्थ्य सेवा प्रदान गर्न शुरुवात गरिनेछ।

19. स्वस्थ आहार– विहार, पोषण, व्यायम लगायत स्वस्थ जीवनशैली अवलम्वन गर्न **मेरो स्वास्थ्यः म स्वस्थ मेरो गाउँ स्वस्थ** अभियान संचालन गरिनेछ।

20. गर्भवती तथा सुत्केरीहरुलाई निःशुल्क एम्बुलेन्स सेवा, क्याल्सियम तथा फोलिक एसिड चक्की वितरणको व्यवस्था गरिनेछ । स्वास्थ्य संस्थामा सुत्केरी भएका महिलाहरुलाई अनिवार्य रुपमा उत्तर प्रसुती घरभेट गरि रु. १५००। (अक्षरुपी एक हजार पाँच रुपैया मात्र ) पोषण स्याहार खर्च वापत उपलव्ध गराइनेछ ।

21. पत्रु खानाको प्रयोग घटाउने अभियान, स्थानिय सकारात्मक स्वास्थ्य बानी व्यवहार परिवर्तनका लागि विशेष कार्यक्रम, साथै अन्य सामुदायिक सचेतीकरण अभियान संचालन गरिनेछ । पोषण मैत्री स्वास्थ्य संस्था तथा वडा घोषणा गर्नका लागि सवै सुचकहरु पूर्ण वनाई घोषणा गरिनेछ ।

22. नसर्ने रोगहरुको भारलाई कम गर्नका लागि वडा स्तरीय प्रोफाइल तयार गरि नियमित रुपमा स्क्रिनिङको व्यवस्था गर्ने साथै मधुमेह र उच्च रक्तचापको औषधीहरु निःशुल्क वितरणको लागी पहल गरिनेछ ।

23. कुपोषण न्युनिकरण गरि सुपोषित उन्मुख गाउँपालिका बनाउनका लागि पत्रु खानाको प्रयोग घटाउने अभियान, स्थानिय सकारात्मक स्वास्थ्य बानी व्यवहार परिवर्तनका लागि विशेष कार्यक्रम, साथै अन्य सामुदायिक सचेतीकरण अभियान संचालन गरिनेछ । वाल स्वास्थ्य र मातृ स्वास्थ्यलाई घरदैलोमा पुर्‍याउन सवै वडामा सुनौलो हजार दिन कार्यक्रम प्रभावकारी वनाइनेछ ।

24. अभिलेख तथा प्रतिवेदन प्रणालीलाई चुस्त दुरुस्त वनाउन DHIS-2, eTB, e-LMIS, Electronic Health Record System, Birth Registration System लाई थप प्रभावकारी र व्यवस्थित वनाउदै लगिनेछ । स्वास्थ्य संस्थालाई सूचना प्रविधि मैत्री वनाइनेछ ।

25. स्वास्थ्य विमा कार्यक्रमलाई सघन रुपमा समुदाय स्तरमा विस्तार गरिनेछ ।

26. खोप क्लिनिक, गाउँघर क्लिनिकको भवन तथा आमा समुहहरुको पूर्वाधार व्यवस्थापनमा आवश्यक बजेटको लागी पहल गरिनेछ ।

27. नागरिक आरोग्य सेवा केन्द्रलाई थप व्यवस्थित बनाइनेछ । साप्ताहिक रुपमा स्वास्थ्य संस्थाहरुमा आयुर्वेद सेवालाई विस्तार गरि आयूर्वेद सेवाको पहुँच वढाइनेछ

28. स्वास्थ्य सेवालाई अझ व्यवस्थित गर्नका लागि गाउँपालिकाको पायक पर्ने स्वास्थ्य संस्थाको स्तरोन्नति गरि बगनासकाली अस्पताल संचालन गरि गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराई स्वास्थ्य बीमा सेवामा प्रेषण गर्ने प्रबन्धको पहल गरिनेछ ।

29. स्वास्थ्य प्रयोगशाला सेवा तथा बर्थिङ्ग सेवाको स्तरोन्नती र सेवा क्षेत्र विस्तार गर्ने व्यवस्था गरिनेछ भने रगत आवश्यक पर्ने विरामीहरूका लागि व्यक्ति, समुह, क्लब, संस्थासँग समन्वय गरी रगत अभाव नहुने व्यवस्था मिलाइनेछ ।

30. सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकालाई प्रोत्साहन सुविधा मासिक रु १०००।- लाई निरन्तरता दिइनेछ । साथै महिला स्वास्थ्य स्वयम् सेविका र सुत्केरी आमाहरुको स्वास्थ्य बीमा गर्ने कार्यक्रमलाई अगाडि बढाइने छ ।

31. गाउँपालिकामा कम्तिमा एक वटा एम्बुलेन्स संचालन गर्न आवश्यक प्रबन्ध गरिनेछ । साथै थप एम्बुलेन्स सेवाका लागि साझेदारी कार्यक्रम मार्फत संचालन गरिनेछ ।

32. आगामी ५ वर्ष भित्रमा पुर्ण सरसफाई गाउँपालिका घोषणा गर्ने गरी यस वर्षदेखि गाउँपालिकाका वडास्तरमा विशेष सरसफाई कार्यक्रम लागू गरिनेछ । शुद्ध खानेपानी व्यवस्थापन गरी पानीजन्य रोगलाई न्युनिकरण गरिनेछ ।

33. गाउँपालिकालाई पूर्णखोप गाउँपालिका घोषणालाई निरन्तरता दिइनेछ ।

34. गाउँपालिका भित्रका किशोरकिशोरीहरुको स्वास्थ्य सचेतना अभिबृद्धि गर्न कार्यक्रम संचालन गरिनेछ।

35. गाउँपालिकाभित्र रहेका सम्पुर्ण स्वास्थ्य संस्थाहरुको अल्पकालिन तथा दिर्घकालिन योजना (Health Institution Improvement Plan ) तयार गरी कार्यान्वयनमा लगिनेछ।

36. गाउँपालिका भित्र स्वास्थ्य सम्बद्ध अध्ययन, अनुसन्धान तथा सेवाको नाममा गाउँपालिकाको अनुमति बेगर कुनै क्रियाकलापहरु गर्न नपाउने व्यवस्था गरिनेछ।

37. गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका बथिङ्ग सेन्टरलाई व्यवस्थित गरिनेछ।

**(ग) महिला, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता तथा समाजकल्याण नीति :**

1. लैङ्गिक हिंसामा परेका, अति विपन्न, सिमान्तकृत असहाय महिला, बालबालिका, किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असक्तहरुलाई सहायता, संरक्षण, उद्धार गर्ने कार्य थप प्रभावकारी बनाइनेछ।

2. हिंसामा परेकाका लागि पुनर्स्थापना केन्द्रको स्थापना र अस्थायी रुपमा आश्रय दिई उनीहरुको क्षमता विकास गरी स्वरोजगारमूलक कार्यमा सहभागी गराउने एवं सम्भव भएसम्म परिवारसँग पुनर्मिलन गराउनका लागि सरकारी तथा गैर-सरकारी संघ/सस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।

3. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी जनचेतनामूलक कार्यकम संचालन गरिनेछ ।

4. विपन्न, असहाय तथा असक्तहरुको सहायता, संरक्षण तथा उद्धार गर्न आवश्यक नीतिगत तथा संरचनागत व्यबस्था मिलाइनेछ।

5. अपाङ्गता भएका व्यक्तिको लागि तथ्याङ्क संकलन तथा सहज तरिकाले परिचय पत्र वितरण कार्यक्रम गरिनेछ।

6. अपाङ्गता भएका व्यक्तिको लागि उद्यमशिलता तालिम तथा व्यवसाय स्थापना सुरु गर्न लगानी कार्यक्रम गरिनेछ।

7. अपाङ्गता भएका व्यक्तिको प्रकृति र आवश्यकता अनुसारको तालिम जस्तैः बहिरा अपाङ्ग भएका व्यक्तिको लागि साङ्केतिक भाषा तालिम, बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक तालिम संचालन गरिनेछ।

8. अपाङ्गता भएको व्यक्तिलाई हिंडडुल गर्न सहज गराउन निःशुल्क रुपमा सहायक सामाग्री वितरण कार्यक्रम गरिनेछ।

9. बाल-विवाह, अनमेल-विवाह जस्ता सामाजिक विकृति, विसङ्गतिलाई न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

10. **"कोही पछाडि नछुटुन्"** भन्ने मान्यताका साथ एकल महिला तथा पुरुष, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व पिडित, घरवार विहिन, तथा अति गरिब लगायत आर्थिक, सामाजिक रुपमा पछाडि परेका परिवारका सदस्यहरुलाई स्व-रोजगारमूलक तालिम सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन सहित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

11. विपन्न बर्गका लागि आयमूलक तथा सीपमूलक कार्यकम गैर सरकारी संस्था समेतको साझेदारीमा संचालन गरिने छ।

12. आदिवासी/जनजातिहरुको संस्कृति तथा परम्परा संरक्षण, जनजातिहरुका सांस्कृतिक स्थल तथा सम्पदाहरुको संरक्षणका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

13. दलितहरुको समान हक र अधिकारको प्रवर्द्धन, निर्णय प्रकृयामा समेत समावेशीकरण र संस्थागत सञ्जाल विकास गर्न जोड दिइनेछ साथै दलित वर्गको समग्र आर्थिक उन्नतिका लागि परम्परागत पेशालाई आधुनिकीकरण गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

14. गाउँपालिकाको चालु आ.व.मा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण सम्पन्न भइसकेको र उक्त परीक्षण पश्चात् निर्माण भएको कार्ययोजना कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

15. हिंसा पिडित महिलाहरूलाई निःशुल्क परामर्श सेवा केन्द्र सञ्चालन गर्ने र लैंगिक हिंसा निवारण कोषलाई व्यवस्थित गरिनेछ।

16. महिला सशक्तिकरणका कार्यक्रमलाई अगाडि बढाउने, बालबालिकाको हितमा हुने गरी योजना बनाउने, बाल कल्याण अधिकारी राख्नुका साथै साईबर क्राईमका बारेमा आवश्यक कानून तर्जुमा गर्ने व्यवस्था मिलाइनेछ।

17. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको मर्म अनुसार पछाडि परेका र पारिएका समूहलाई मूलधारमा ल्याउने नीति लिई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

18. गाउँपालिका क्षेत्रभित्र कुलत तथा दुर्व्यसनीमा फसेका किशोर-किशोरीहरुको पहिचान गरी निजहरुको सुधारको लागि आवश्यक प्रशिक्षण एवं सचेतनामूलक कार्यक्रम गरिनेछ।

19. समाजमा हुने छुवाछुत तथा भेदभावजन्य क्रियाकलापहरूलाई निरुत्साहित गर्दै यस सम्बन्धी कानुनहरू कडाईका साथ पालना गर्ने गराउने व्यवस्था मिलाइनेछ।

20. अपाङ्गता वर्गको वर्गीकृत तथ्याङ्क अद्यावधिक गर्दै अपाङ्गता परिचयपत्र वितरण कार्यलाई सहज र सर्वसुलभ बनाइनेछ।

21. यौनिक तथा अल्पसंख्यक प्रति सोच र व्यवहार परिवर्तन गर्नका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

(अ) **महिलातर्फ :**

- सम्पूर्ण महिला तथा एकल महिलाहरूको क्षमता अभिवृद्धिको लागि आयमूलक, सिपमूलक, रोजगारमूलक तथा विशेष अनुदानको विभिन्न कार्यक्रम संचालन गरिनेछ।
- हिंसा पीडित महिलाहरूका लागि निःशुल्क परामर्श सेवा केन्द्र सञ्चालन गरी महिला हिंसा, घरेलु हिंसा, चेलीबेटी बेचबिखनजस्ता जघन्य अपराध विरूद्ध विविध कार्यक्रम ल्याइनेछ।
- **महिलाको सरोकार : सवल स्थानीय सरकार** भन्ने लक्ष्य निर्धारण गरी महिला अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम गर्दै लैङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिइनेछ।
- महिला सहकारी संस्थालाई उत्पादनमूलक व्यवसाय तथा स्व-रोजगारका क्षेत्रमा परिचालन गर्ने वातावरण सिर्जना गरिनेछ।
- महिला बिरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक तथा संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिबृद्धि गरिनेछ।
- सिमान्तकृत वर्ग समुदायका महिलालाई तालिम, अनुदान, सहभागिता, सशक्तिकरण, क्षमता विकासमार्फत मूलप्रवाहीकरण गरिनेछ।
- सम्पूर्ण महिला तथा एकल महिलाहरूको क्षमता अभिवृद्धिको लागि आयमूलक, सिपमूलक, रोजगारमूलक तथा विशेष अनुदानको विभिन्न कार्यक्रम संचालन गरिनेछ।

- व्यवसाय पहिचान गरी महिलाहरुका लागी शिप विकास तालिम संचालन गरिनेछ ।

**(आ) बालबालिका तर्फ :**

- बालमैत्री स्थानीय शासन कार्यान्वय रणनीतिक योजना अनुसार बालबचाउ, बालसंरक्षण, बालविकास र बाल सहभागितासँग सम्बन्धी सबै कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बालबालिकाहरूको समग्र विकासका लागि गाउँपालिकास्तरीय र वडास्तरीय बाल सञ्जालहरू, समुदाय, विद्यालयहरूमा गठित बाल क्लबलाई सक्रिय बनाइनेछ ।
- विद्यालय भर्ना हुन र अध्ययन गर्न नसक्ने गरिब, विपन्न र अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष छात्रवृत्ति र सहयोग उपलव्ध गराइनेछ ।
- बाल-विवाह न्यूनीकरणका लागि सरोकारवाला निकायसँग साझेदारी गरी कार्यक्रम संचालन गरिनेछ ।
- अभिभावकविहिन बालबालिकाको लागि उपलब्ध गराउदै आइएको रकमलाई निरन्तरता दिइनेछ ।
- विद्यालयहरूमा बालमैत्री वातावरण, व्यवहारलाई निरन्तरता दिइनेछ ।
- बालमैत्री स्थानीय शासन प्रबर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बालमैत्री स्थानीय शासन कार्यक्रमको पुन सुनिश्चितता गरिनेछ ।
- बालमैत्री सहजकर्ताको विकल्पमा पालिकास्तरय एकजना बाल सहजकर्ताको व्यवस्था गरिनेछ ।
- बालविवाह न्यूनिकरण गर्न किशोरी क्लब गठन गरी परिचालन गरिनेछ ।

**(इ) दलित वर्गतर्फ :**

- दलित समुदायको समग्र आर्थिक सामाजिक उन्नतीको लागि परम्परागत ज्ञान र सीपलाई व्यवसायिक बनाउन विशेष कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।
- दलित वर्गको उत्थानका लागि मागमा आधारित कार्यक्रम संचालन गरिनेछ ।
- जातीय छुवाछूत तथा सामाजिक भेदभाव विरुद्धको अभियान (सचेतना कार्यक्रम, सहभोज, वक्तृत्वकला प्रतियोगिता, सांस्कृतिक कार्यक्रम) संचालन गरिनेछ ।
- दलित समुदाय लक्षित कृषक समुह निर्माण गर्दै अनुदान व्यवस्था गरिनेछ ।
- दलित समुदायको बस्तिमा एक घर एक धाराको नीति अबलम्बन गरिनेछ ।
- **हामी एक : पहिचान अनेक** भन्ने मुल नारालाई आत्मसाथ गर्दै विविध विषयमा सहकार्य एवम् अन्तरक्रिया कार्यक्रम गरिनेछ ।

**(ई) आदिवासी/जनजातितर्फ :**

- आदिवासी, जनजाति पहिचानका विषयगत क्षेत्रमा संरक्षण, प्रवर्द्धन र व्यवसायीकरण गर्ने विभिन्न कार्यक्रम, क्रियाक्लाप तथा सहकार्य र सहजीकरण गरिनेछ ।
- आदिवासी/जनजाति वर्गको समग्र आर्थिक सामाजिक विकासका लागि सीपमूलक तालिम र सशक्तिकरणका कार्यक्रमहरू संचालन गर्न पहल गरिनेछ ।
- सिमान्तकृत कुमाल तथा बोटे समुदायका १२ कक्षा उतीर्ण गरेका विद्यार्थीहरूलाई सम्मान तथा प्रोत्साहन गर्दै उत्थानका कार्यक्रम तय गरी लागू गरिनेछ ।
- आदिवासी/जनजाती वर्गको उत्थानका लागि मागमा आधारित कार्यक्रम संचालन गरिनेछ ।

**(उ) जेष्ठ नागरिकतर्फ** :

- जेष्ठ नागरिकहरूका लागि आत्मसम्मान हुने गरी अनुभव र अनुभूतिले पूर्ण बौद्धिक ज्ञान उपयोग गर्ने विशेष कार्यक्रम ल्याइनेछ ।
- जेष्ठ नागरिकहरूको उचित स्याहार-सुसार तथा आदर गर्ने परिवार/संरक्षकलाई विशेष पुरस्कार र सम्मान गर्ने कार्यक्रम ल्याइनेछ ।
- सामाजिक सुरक्षा भत्ता एवं जेष्ठ नागरिक परिचय पत्र वितरणलाई सहज र सर्वसुलभ बनाइनेछ ।
- जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको सदुपयोग गरी सामाजिक तथा आर्थिक विकासमा पुऱ्याएको योगदानको आधारमा जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ ।
- चौरासी पूजा सम्पन्न तथा १०० वर्ष पुरा गरेका जेष्ठ नागरिकलाई वर्गिकरण गरि विशेष सम्मान कार्यक्रम गरिनेछ ।

**(ऊ) अपाङ्गतातर्फ :**

- अपाङ्गता वर्गको वर्गीकृत तथ्याङ्क अद्यावधिक गर्दै अपाङ्गता परिचयपत्र वितरण कार्यलाई सहज र सर्वसुलभ बनाइनेछ ।
- **ग** र **घ** वर्गको अपाङ्गता परिचय पत्र प्राप्त गर्ने नागरिकलाई मासिक ५००।- र ३००।- भत्ता दिने कार्यक्रम शुरु गरिएकोमा त्यसलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका अपाङ्गताहरूलाई आवश्यकता अनुसार ह्विल-चियर, सेतो छडीजस्ता सामाग्री वितरण गरी जीवन सहज गराउन पहल गरिनेछ ।
- पूर्ण रूपमा अपाङ्गता भएका व्यक्तिहरूका लागि निःशुल्क स्वास्थ्य बीमा गर्ने नीतिलाई प्राथमिकता दिइनेछ ।
- अपाङ्गताको अधिकार र क्षमता उपयोगको विषयमा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- अपाङ्गहरुको लागी पुनः स्थापना कार्यक्रम गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा रहेका अपाङ्गहरुको वर्गिकरण सहित तथ्यांक संकलन गरिनेछ ।

**(ए) युवातर्फ :**

- **समग्र विकासका लागि युवा** भन्ने यथार्थलाई चरितार्थ पार्न अपरिहार्य भएकोले बगनासकाली गाउँपालिकाका बेरोजगार युवा र विदेशबाट फर्किएका युवालाई गाउँकै विकासमा समर्पित गर्ने नीति अवलम्बन गरिनेछ ।
- युवालाई रोजगार बनाउँनका लागि चाहिने उपयुक्त सीप, क्षमता, स्रोत साधन, सहुलियतपूर्ण कर्जा, संरक्षण तथा प्रवर्द्धन गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- शैक्षिक प्रमाणपत्र धितो राखेर गाउँपालिकाबाट ऋण दिने कार्यक्रममा निरन्तरता दिइनेछ ।

**(ऐ) भाषा, साहित्य, कला, संगीततर्फ :**

- समाजको ऐनाको रुपमा पहिचान बनाएको भाषा, साहित्य, संस्कृति, कला, गला, संगीत लगायतका सिर्जनालाई प्रष्फुटन गराई व्यापकता बनाउने कार्य गरिनेछ ।
- बाल, युवा र प्रौढ साहित्यलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।

- गाउँपालिका क्षेत्र भित्र रहेका साहित्य, कला, भाषा, संस्कृतिजस्ता समग्र विषयलाई संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनको व्यवस्था मिलाइनेछ ।
- स्थानीय साहित्यिक गतिविधि र प्रर्वधनका लागि स्थानीय साहित्य संघ संस्थालाई आवश्यक बजेट विनियोजन गरी परिचालन गरिनेछ ।
- बगनासकालीमा लेख-लेखन अभ्यास गरेका संघ, संस्था प्रबर्द्धन तथा सम्बर्द्धन गरिनेछ ।

**(घ) खानेपानी तथा सरसफाइ नीति :**

1. गाउँपालिका भित्र खानेपानी वितरण प्रणालीलाई सुदृढ गरी गाउँपालिकावासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने नीतिलाई निरन्तरता दिईनेछ । यसका लागि परम्परागत पानीको श्रोतको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन गरिनेछ ।
2. गाउँपालिकाको ५ बर्षे पूर्ण सरसफाइ रणनीतिक योजना तयार भइ कार्यान्वयनको चरणमा रहेको र उक्त रणनीतिक योजनाको आधारमा गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त गाउँपालिका घोषणाका लागि थप नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
3. हाल संचालनमा रहेका खानेपानी आयोजनाहरुलाइ आवश्यकता अनुसार क्षेत्र तोकी थप व्यवस्थापनको लागि वजेट विनियोजन गरिनेछ ।
4. सार्वजनिक शौचालयहरुको निर्माण, मर्मत सम्भार, स्तरोन्नति गर्ने कार्यको शुरुआत गरिनेछ । प्राथमिकताको आधारमा थप सार्वजनिक शौचालयहरु निर्माण तथा सञ्चालन गरिनेछ ।
5. हाल संचालनमा रहेका खानेपानी योजनाको साथै अब उपरान्त संचालन हुने खानेपानी योजनाको मुहान दर्ता अनिवार्य गरिनेछ । मुहान दर्ता नभएका खानेपानी योजनाका लागी बजेट विनियोजन गरेता पनि मुहान दर्ता नभए सम्म संम्झौता गरि कार्यक्रम अगाडी बढाइने छैन ।
6. खानेपानीको मुहान संरक्षणको लागि विशेष योजना बनाई आवश्यकता अनुसार खानेपानी तथा सरसफाई उपभोक्ता समितिको पूर्वाधार निर्माणमा विशेष जोड दिन **"एक घर एक धारा"** को अवधारणा अनुसार खानेपानी योजना सञ्चालनमा ल्याईनेछ ।
7. सवै खानेपानी योजनाको नियमित रुपमा अनुगमन र गुणस्तर परीक्षण गरी प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ । खानेपानी सुरक्षा योजना तथा खानेपानीको नियमित गुणस्तर जाँच गर्ने कार्यलाई अनिवार्य गरी सुरक्षित पिउने पानीको उपलब्धतालाई सुनिश्चित गरिनेछ । यसको लागी खानेपानीको गुणस्तर परिक्षण गर्ने कार्यको थालनी गरिनेछ ।
8. फोहोरमैलाको समूचित व्यवस्थापनका लागि टोल विकास समिति तथा वजार विकास समिति गठन तथा परिचालन गरिनेछ । फोहोरलाई मोहरमा रुपान्तरण गर्नका लागि नविनतम् प्रयास शुरु गरिनेछ ।
9. सार्वजनिक पधेरा, धारा, कुवाको मौलिक तथा कलात्मक रुपमा पुनः निर्माण तथा संरक्षण गर्नुका साथै उक्त स्थानमा सार्वजनिक सौचालय निर्माण गरी प्रयोग, संचालन र व्यवस्थापनको जिम्मा समुदायलाइ दिइनेछ ।

**(ङ) संस्कृति तथा सम्पदा नीति :**

1. ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका टोल, बस्ती, मठ, मन्दिर, स्थानीय रितीरिवाज, भाषा, लिपी, कला, संस्कृति, जात्रा, परम्परा जस्ता अमूर्त सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्ने नीति लिइनेछ ।
2. गाउँपालिका क्षेत्रभित्रका विभिन्न धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका स्थान तथा सम्पदाहरुको मौलिक पहिचान गरी तिनको पुनर्स्थापना गरिनेछ ।

3. ऐतिहासिक एवं धार्मिक दृष्टिले महत्वपूर्ण दर्लम महाकाली मन्दिर, चेचीकोट देवी बगनास, महामृत्युजय शिवाशन मन्दिर, बगनास कोटघर, सिद्धबाबा (१०८ शिवलिङ्ग, पिपिल), शिद्धगुफा राम्दी, नायर कोटघर, बौद्ध गुफा जस्ता धार्मिक धरोहरका संरक्षण र संबर्द्धन गरिनेछ ।

4. परम्परादेखी चल्दै आएका जाती विशेषका पर्व तथा रिति रिवाजलाई **"नराम्रा छाडौं : राम्रा जोगाऔं"** भन्ने नीति अवलम्बन गरिनेछ ।

5. माइस्थान पर्यटकिय क्षेत्र प्रवर्द्धनका लागी DPR तयार भईसकेको हुँदा सोही बमोजिम बजेट विनियोजन गरी प्रवर्द्धन कार्य अगाडी बढाइनेछ ।

**(च) युवा तथा खेलकुद नीति :**

1. **"युवाको जाँगर, समृद्ध गाउँघर"** अभियान अनुरुप युवाशक्ति परिचालनको नीति अबलम्बन गरिनेछ । यसको लागि युवासँग अर्थपूर्ण सहभागिता र सहकार्यमा जोड दिइनेछ ।

2. युवाहरुको सहयोगी समूहको सूची तयार गरी प्रत्येक वडामा सञ्चालन हुने सामाजिक विकास कार्यक्रम एवं विकास निर्माणका क्षेत्रमा युवाहरुलाई परिचालन गरिनेछ ।

3. वातावरण संरक्षण, हरियाली प्रवर्द्धन एवं जनचेतनामूलक कार्यक्रमहरुको आयोजना गर्दा युवाहरूको परिचालनमा विशेष प्राथमिकता दिइनेछ ।

4. गाउँपालिका क्षेत्र भित्र एक गाउँपालिका स्तरीय खेलकुद मैदान निर्माण गरी गाउँपालिका क्षेत्र भन्दा वाहिरका खेलाडीहरुलाई समेत आर्कषण गर्ने गरी खेलकुद क्षेत्रको विकास गरिनेछ । खेलकूदको माध्यमद्वारा युवाहरुको व्यक्तित्व विकास गर्न गाउँपालिका क्षेत्रमा शारीरिक व्यायामशाला, हेल्थ क्लब रंगशाला/कबर्डहलको विकास र विस्तार गरिनेछ ।

5. गाउँपालिका क्षेत्रभित्र स्थायी ठेगाना भई जिल्ला स्तरिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा महत्वपूर्ण सिल्ड, मेडल, पदक विजेता हुनुहुने खेलाडीलाई उचित सम्मानका साथ पुरस्कारको व्यवस्था मिलाईनेछ ।

6. युवालाई रोजगार बनाउँनका लागि चाहिने उपयुक्त सीप, क्षमता, स्रोत साधन, सहुलियतपूर्ण कर्जा, संरक्षण तथा प्रवर्धन गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

**(छ) सामाजिक सुरक्षा पंजिकरण वाल तथा संरक्षण नीति :**

1. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगारहरुलाई गाउँपालिकाको विकास निर्माण कार्यमा आवश्यकता अनुसार परिचालन गरिनेछ ।

2. गाउँपालिका क्षेत्र भित्रै रोजगारको श्रृजना गरी जनशक्ति विदेश पलायन हुनवाट रोक्ने प्रयास गरिनेछ साथै स्तरीय बैदेशिक रोजगारीमा जान चाहने जनशक्तिलाई निजको क्षमता अनुसार आवश्यक अभिमुखीकरण र जनचेतनामूलक कार्यक्रम गराएर मात्र विदेश तर्फ प्रस्थान गर्ने वातावरण सिर्जना गरिनेछ ।

3. सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी नीति तर्जुमा गर्ने र सोही नीति अनुरुप बालबालिका पुनर्स्थापना केन्द्र,ज्येष्ठ नागरिक आश्रय केन्द्र,अशक्त स्याहार केन्द्र स्थापना गरी संचालनमा ल्याउन पहल गरिनेछ ।

4. CTEVT तथा व्यवसायी तालिम केन्द्रवाट सीपमूलक तालिम लिएकाहरुलाई सीप विकास प्रमाणिकरण गर्न पहल गरिनेछ ।

5. सामाजिक सुरक्षा भत्ता बैकं मार्फत सहज र सरल रुपमा वडा तहमै वितरण गर्न उचित व्यवस्था मिलाइने छ ।

6. सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकालाई प्रोत्साहन सुबिधा मासिक रु. १०००। उपलब्ध गराउँने तथा स्वयम् सेविका र सुत्केरी आमाहरुको स्वास्थ्य बिमा गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

7. घट्ना दर्ता पँहुच विस्तार र घटना दर्ता सुदृढिकरणको लागि समुदायस्तरमा सचेतना अभिवृद्धि कार्यक्रम गर्नको लागि गाउँपालिकाबाट आवश्यक बजेट विनियोजन गरिनेछ ।

8. गाउँपालिकाको मुखपत्रको रुपमा प्रकाशित **"बगनासकाली आवाज"** लाई अर्धवार्षिक रुपमा प्रकाशन सम्पादनको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

9. भाषा, कला, संस्कृति र साहित्यिक गतिविधी सञ्चालन गर्नको लागि साहित्यिक संस्थाको परिचालन समन्वयका लागि बजेट प्रयोग गरिनेछ ।

**(ज) गैरसरकारी संस्था तथा नीति :**

1. गाउँपालिका क्षेत्रभित्र योजना तथा कार्यक्रम संचालन गर्ने जिल्ला स्थित गैर सरकारी संघ संस्थासँग आवश्यक समन्वय र सहकार्य गरि एकद्धार नीति मार्फत योजना तथा कार्यक्रम संचालन गरिनेछ ।

2. गैसरकारी संस्थासँग को सहकार्यमा योजना तथा कार्यक्रम गर्दा निश्चित मापदण्ड तयार गरि समपुरक कोषको अवधारणा अनुसार मापदण्ड वमोजिम योजना तथा कार्यक्रम संचालन गरिने छ ।

3. गैरसरकारी संस्था मार्फत योजना तथा कार्यक्रम गर्दा गराउँदा अनिवार्य रुपमा त्रिपक्षीय सम्झौता गरि कार्यान्वयन गर्ने र कार्यक्रमको अर्धवार्षिक तथा वार्षिक प्रगती विवरण गाउँपालिकामा अनिवार्य रूपमा पेश गर्नुपर्ने प्रावधानलाइ कडाईका साथ कार्यान्वयन गरिनेछ । गैर सरकारी संस्था मार्फत योजना तथा कार्यक्रम गर्दा अनिवार्य रुपमा गाउँपालिकासँग समन्वय गरेरमात्र गर्नुपर्नेछ । यसरी कार्यक्रम सञ्चालन नगरेको पाइएमा कार्यक्रम संचालन गर्न रोक लगाइनेछ ।

**३. भौतिक पूर्वाधार विकास :**

**(क) पूर्वाधार विकास नीति :**

1. गाउँपालिका स्तरीय गौरबका योजनाहरुको थालनी गरी सोही बमोजिम बजेट विनियोजन तथा कार्यान्वयन गरिनेछ ।

2. गाउँपालिकाको पाँच बर्षे आवधिक योजना निर्माण कार्य अन्तिम चरणमा रहेको र अन्य क्षेत्रगत गुरुयोजनाहरु एवं नीतिहरु आवश्यकता अनुसार तयार गरिनेछ ।

3. गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने भौतिक पुर्वाधार सडक, ढल, पेटी, खानेपानी, बिद्युत, टेलिफोन आदिको गुणस्तरियता कायम गर्न, बिभिन्न निकायहरु बिच समन्वय गरी व्यवस्थित रुपमा निर्माण कार्य सन्चालन गर्न "पूर्वाधार विकास मापदण्ड" जारी गरिनेछ ।

4. गाउँपालिका क्षेत्रभित्रका सरकारी, सार्वजनिक तथा पर्ति जग्गाको अतिक्रमण रोकी संरक्षण गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । यस्ता सार्वजनिक जग्गाहरुलाई बालमैत्री उद्यान, योगापार्क तथा ज्येष्ठ नागरिक मैत्री पार्कहरु र खुला क्षेत्रहरुको रुपमा विकास गरिनेछ ।

5. गाउँपालिका क्षेत्र भित्रका सडकहरु व्यवस्थित गर्न ग्रामीण यातायात गुरुयोजना (Rural Transport Master Plan-RTMP) तयार गरी आगामी दिनमा निर्माण गर्ने सडकहरुको वर्गीकरण गरी कालोपत्रे, सडक ग्राभेल र कच्ची सडकहरुको नामाकरण गरी उक्त सडकहरुमा पर्ने जग्गाको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयसंग आबश्यक समन्वय र सहकार्य गर्दै विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरी व्यवस्थित गरिनेछ ।

6. उपभोक्ता समितिका कुनै पनि पदाधिकारी एउटा योजना सम्पन्न भई फरफारक नभएसम्म अर्को योजनाको उपभोक्ता समितिको कुनै पनि पदमा बसेर काम गर्न नपाउने नीतिलाई कडाइका साथ लागु गरिनेछ ।

7. विकास योजनाहरुमा लागत जनसहभागिता वापत स्थानीय उपभोक्तावाट १० प्रतिशत जनसहभागिता अनिवार्य व्यहोर्नु पर्ने नीतिलाई कडाईका साथ लागू गरिनेछ ।

8. पूर्बाधार (सडक, खानेपानी, बिद्युत, सिंचाई) तर्फका नयाँ योजना तथा कार्यक्रमलाई वार्षिक विकास कार्यक्रममा समावेश गर्दा निश्चित प्राथमिकता निर्धारण गर्नुका साथै उपलब्ध श्रोतबाट सम्पन्न हुनेगरी अधुरा योजनालाई सञ्चालनमा ल्याउने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिने नीति अवलम्बन गरिने छ ।

9. सडक सौर्य बत्ती वजार क्षेत्रबाट निस्कने फोहोरको व्यवस्थापन कार्य अगाडि बढिरहेको हुँदा उक्त कार्यलाई आगामी आ.व. मा पनि निरन्तरता दिईने छ ।

10. भू-उपयोग योजना, Land Pooling योजना, सडक मापदण्ड निर्धारण जस्ता कानूनहरु तयार गरी लागु गर्न प्राथमिकता दिइनेछ ।

11. गाउँपालिकाको सवै वडा र वस्तीमा विस्तारित विद्युत प्रवाहको कार्यलाई थप व्यवस्थित गर्न सवै काठे पोलको विस्थापन गरी फलामे पोलको व्यवस्था तथा आवश्यक स्थानमा थप ट्रान्समिटरको व्यवस्थाका लागी सम्बन्धित निकायमा पहल गरिनेछ ।

12. योजना संचालनको क्रममा प्रत्येक वडामा कम्तिमा ३ वटा योजनाको उपभोक्ता समिति महिलाको मात्र गठन गरि योजना तथा कार्यक्रम संचालन गरिनेछ ।

13. सडक निर्माण गर्दा विद्युत पोल तथा तारलाई असर पर्ने भएमा सम्बन्धित कार्यालयसंग समन्वय र सहमति गरेर मात्र निर्माण कार्यलाई अगाडि वढाइनेछ ।

14. गाउँपालिका क्षेत्रभित्र Right of Way सडकको क्षेत्राधिकार निर्धारण गरिनेछ ।

15. भौतिक पूर्वाधार तर्फका सडक योजना सञ्चालन गरी वायो इन्जिनियरिङ्ग गर्नुपर्ने आवश्यक भए सो कार्य गरिनेछ ।

16. कुनै योजना संचालन गर्दा अर्को योजनलाई क्षति पुगेमा सोको मर्मत संभार एवं क्षतिपूर्ति क्षति पुऱ्याउने निर्माण व्यवसायी वा उपभोक्ता समितिद्धारा मर्मत संभार गर्नुपर्नेछ ।

17. भारी उपकरण प्रयोग गरि सडक निर्माण गर्दा बन क्षेत्र पर्दछ भने डिभिजन बन कार्यालय सँगको समन्वय तथा पूर्व अनुमती लिएर मात्र सडक निर्माण कार्य गरिनेछ ।

18. उपभोक्ता समिति मार्फत भइरहेको आयोजना/योजनाको निर्माण कार्य ठेक्का प्रथाद्वारा गराउने गरेको पाइएमा यस्तो कार्यलाई कडाइका साथ अनुगमन गरी यस प्रकारको कार्यलाई पूर्ण निरुत्साहित गरिनेछ । साथै त्यस्ता काम गर्ने उपभोक्ता समितिका पदाधिकारीलाई कालो सुचिमा राखी उ.स.को पदाधिकारीवाट हटाईनेछ ।

19. गाउँसभाबाट स्वीकृत कार्यक्रमहरू आ.व.को फागुन मसान्तभित्र सम्झौता गरी असार १० गतेभित्र सार्वजनीक लेखा परीक्षण गराई जाचँपास र फरफारक गर्ने कार्यलाई कडाईका साथ लागू गरिनेछ ।

20. गाउँपालिका क्षेत्र भित्र यस अघि सडकको क्षेत्राधिकारको अवलम्वन तथा साँध सिमाना लगायत कुनै पनि विषयमा विवाद एवं किचलो नभइ निर्माण सम्पन्न भइसकेका घर भवनको नियमानुसार शुल्क लिई निर्माण अभिलेखिकरण गरिनेछ र यस पछि निर्माण हुने घर, भवनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नियमानुसारको प्रक्रिया पूरा गरी घर, भवन निर्माण पूर्ब नै अनिबार्य रुपमा नक्सा पास गर्नु पर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

21. गाउँपालिका क्षेत्र भित्र निर्माण हुने भौतिक पूवाधारतर्फ प्रयोग हुने भारी उपकरण (डोजर, जे.सि.वी., रोलर, एक्साभेटर) गाउँपालिकामा नियमानुसार सूचिकृत भएका उपकरण मात्र प्रयोग गर्न दिइने र तोकिएको समय भन्दा पछि सूचिकृतलाई काम गर्न तोकिएको दस्तुरको दोब्बर शुल्क लिईनेछ ।

22. रु.एकलाख भन्दा माथिका योजनाका लागि योजना स्थलमा अनिवार्य रुपमा योजना सूचना पाटी राख्ने अनिवार्य व्यवस्थालाई निरन्तरता दिइनेछ ।

23. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भौतिक पूर्वाधारमा गा.पा. भित्रका भारी उपकरण प्रयोग गरी "**बगनासकाली को पूँजी बगनासकाली भित्रै**" भन्ने नारालाई कार्यान्वयनमा ल्याइनेछ ।

24. जिल्ला दररेट निर्धारण समितिले गरेको भारी उपकरणको दररेट बमोजिम ईच्छुक भारी उपकरण कम्पनी वा व्यक्तिसँग प्रतिस्पर्धाको माध्यमवाट सबै भन्दा कम दररेटमा काम गर्ने कम्पनी वा व्यक्ति मार्फत काम गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

25. गाउँपालिका क्षेत्र भित्र संचालन हुने सम्पूर्ण आयोजनाहरुको गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि बमोजिम अनुगमन गरेर मात्र भूक्तानी दिने परिपाटीलाई कडाईका साथ लागु गरिनेछ ।

26. गाउँपालिका क्षेत्र भित्र गरिने निर्माण सामाग्री ढुवानी लगायत दक्ष,अदक्ष ज्यामीको लागि गाउँपालिका स्तरीय दररेट निर्धारण गरेर मात्र कार्यान्वयनमा ल्याईने छ ।

27. निर्माण सम्पन्न भएका पूर्वाधारको लागि आवश्यक वजेट व्यवस्था सहित मर्मत संभारकोषको व्यवस्था गरि सोही कोषवाट मर्मत संभार गरिनेछ ।

28. Civil Lab को स्थापना भै सञ्चालनमा ल्याइ सकेको हुँदा गाउँपालिका तथा जिल्लाभित्र र वाहीरबाट समेत भए गरेका पूर्वाधार निर्माणका गुणस्तर चेक जाँच गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

29. गाउँपालिका अन्तर्गत वडा नं. ३, ५, ६, ७ र ९ को लागि नयाँ वडा भवन निर्माण गर्नका लागी आवश्यक बजेटको व्यवस्थाको लागी पहल गरिनेछ ।

30. गाउँपालिका स्तरीय तथा वडा स्तरीय गौरवका योजना अगाडि बढाउने र टुक्रे योजनालाई प्राथमिकता नदिने नीतिलाई अवलम्बन गरिनेछ ।

31. **"समृद्ध बगनासकाली गाउँको सार : समग्र विकासको दिगो आधार"** का लागि पूर्वाधारका काममा जनसहभागितालाई बढाउने र कार्य आरम्भ अगाडि नै जनसहभागीता सुनिश्चित गराउने व्यवस्था मिलाइनेछ ।

32. समग्र विकासका लागि आयोजना बैंकको शुरु गर्दै प्रधानमन्त्री रोजगार सम्बन्धिका कामहरुलाई स्थानीय आयोजनासँग आवद्ध गर्ने व्यवस्था मिलाइनेछ ।

33. कुनै पनि योजनामा रकम विनियोजन गर्दा आवश्यकता अनुसार प्राविधिक सर-सल्लाह वा परामर्श गरेर बजेट विनियोजन गरिनेछ ।

34. आयोजना स्वीकृत भएपश्चात सामान्य त्रुटी बाहेक, नाम परिवर्तन गर्ने र काम शुरु भएपश्यात लागत अनुमान परिवर्तन गर्न नगरिने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

35. **हाम्रा पूर्वाधार समृद्दीका आधार** भन्ने मान्यतालाई आत्मसात गर्दै स्तरोन्नती भइसकेका सडकहरुलाई कालो पत्रे गर्नेतर्फ प्राथमिकता दिदै निर्माणपश्चात उचित संरक्षणको व्यवस्था मिलाइनेछ ।

36. कुनै पनि सडक निर्माण तथा स्तरोन्नती गर्दा नाली अनिवार्य गर्ने नीति कायम गर्ने, अधिकतम जनसहभागिता समावेश गर्ने सुनिश्चितता गर्नुका साथै सडकको अवस्था हेरेर कजवे र वालको लागि बजेट छुट्टाउने व्यवस्था मिलाइनेछ ।

37. सडकहरुको अभिलेख व्यवस्थित गर्दै वर्गीकरण गर्ने र मर्मत सम्भारको लागि आवश्यक व्यवस्था गरिनेछ भने राम्दी घाट, रानी घाटलगायतलाई थप व्यवस्थापन गरिदै लगिनेछ ।

38. बस्ति विकासमा जोड दिदै पञ्च वर्षीय र त्रिवर्षीय योजनाहरु तयार पारिनेछ ।

39. भौतिक पूर्वाधारसँग सम्बन्धित योजनाहरुको निर्माण, संचालन, अनुगमन तथा मूल्याङ्कन, मर्मत सम्भार एवम् आवश्यक समन्वय र नियमन, अध्ययन, अनुसन्धान लगायत मार्ग निर्देशनको कार्यलाई प्राथमिकता प्रदान गरिनेछ ।

40. चिलाङ्दी र कोठेचौर खेल मैदानलाई गाउँपालिकास्तरीय खेल मैदान बनाउन आवश्यक पहल गरिनेछ ।

41. भूमिहिन दलित र भूमिहिन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनको लागी आवश्यक बजेट व्यवस्थापन गरी पूँजी वितरण कार्यलाई अघि बढाईनेछ ।

42. कार्यालयबाट सम्पादन गरि योजनाको रु. ३ लाख भन्दा माथीको भुक्तानीको लागी MB Measurement Book अनिवार्य गरिनेछ ।

43. रु. ३ लाख सम्मका योजनाको लागि योजना स्थलमा तोकिएको ठाँचामा Flash Print र सो भन्दाको माथिको लागी plain पातामा योजना सूचना पाटी राख्ने कार्यलाई अनिवार्य गरिनेछ ।

44. गाउँपालिका स्थित वडा नं.८ बराङ्गदीमा स्वास्थ्य चौकी निर्माण कार्यको लागी आवश्यक पहल गरिनेछ ।

**(ख) यातायात व्यवस्थापन नीति :**

1. सार्वजनिक यातायातमा ज्येष्ठ नागरिक, महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरुको पहुँच बढाउन तथा समग्र सवारी साधनको उपयुक्त व्यवस्थापन गर्न बगनासकाली गाउँपालिका सवारी तथा यातायात व्यबस्थापन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

**(ग) सूचना तथा संचार नीति :**

1. गाउँपालिका र मातहतका सबै वडा कार्यालयमा सोलार र इन्टरनेट जडान गरी गा.पा.का सम्पूर्ण वडालाई प्रविधिमैत्रि वडा बनाइनेछ । यसलाई आवश्यकता अनुसार सुधार र परिस्कृत गर्नको लागि Internet सेवालाई पूर्ण रुपमा निरन्तरता दिन Internet को Speed वृद्धि गर्न थप ISP सँग समन्वय गरिनेछ ।

2. गाउँपालिका, विषयगत शाखा तथा वडा कार्यालयहरुवाट हस्तलिखित रुपमा संचालन भएको सेवा प्रवाह पूर्ण रुपमा वन्द गरि सूचना प्रविधिमैत्रि बनाई यसलाई निरन्तरता दिँदै थप प्रभावकारी वनाउन विभिन्न तालिमद्धारा कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासको लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।

3. गाउँपालिकाको सेवा सूविधा, नीति नियम, सूचना तथा गतिविधिहरु सबै नागरिक समक्ष पुऱ्याउन मोबाईल एप्स **"बगनासकाली गाउँपालिका "** डिजिटल सोधपुछ कक्ष, डिजिटल सूचना पाटि र विद्युतीय हाजिरिको व्यवस्था बनाई यसलाई निरन्तरता दिईने छ । साथै गाउँपालिका सबै वडा कार्यालयमा, विषयगत शाखा र विद्यालयमा सूचना केन्द्रको स्थापना गरिनेछ ।

4. व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाइनबाट दर्ता गर्ने कार्य थालनी भैसकेको हुँदा यसलाई निरन्तरता दिईने छ । विगत गा.वि.स.मा दर्ता भएका व्यक्तिगत घटनाहरुलाई Digitization गर्ने कार्य सम्पन्न भैसकेकोले यसलाई थप प्रभावकारी वनाइनेछ ।

5. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको तथ्याङ्कलाई Digitization गर्ने कार्य सम्पन्न भै सकेको हुँदा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई थप प्रभाबकारी, पारदर्शी, व्यवस्थित र भरपर्दो वनाउन बैकिंङप्रणाली वडातहवाटै मार्फत वितरण गर्ने कार्यलाई थप सहज र प्रभावकारी वनाइनेछ ।

6. गाउँपालिका, विषयगत शाखा र वडा कार्यालयवाट सेवा प्रवाह वापत लिईने शुल्क, दस्तुर रकम सफ्टवेयर मार्फत कार्यान्वयन गरी सकिएकोले यसलाई निरन्तरता दिन हाल संचालनमा रहेको Server लाई थप व्यवस्थित गरिनेछ ।

7. गाउँपालिकाको बस्तुगत विवरण तयार गरि आ.व ०८०।८१ मा मध्यमकालिन खर्च संरचना (Medium Term Expenditure Framework) तथा क्षेत्रगत गुरूयोजना तयार गरी गाउँपालिकाको वार्षिक विकास योजनासंग Tie-Up गरिने छ ।

8. गाउँपालिका शाखाहरू तथा विभन्न चोकहरुमा गतिविधिहरुको निगरानी, शान्ति सुरक्षा तथा हरेक कृयाकलापको पारदर्शिता कायम गर्न सिसी क्यामेरा र विद्युतीय हाजिरी जडान गरि आगामी आ.व. ०८०।८१ मा गाउँपालिका क्षेत्रभित्रका वडा तथा स्वास्थ्य चौकीहरूमा समेत सिसी क्यामेरा र विद्युतीय हाजिरी जडान गरिनेछ ।

9. गाउँपालिकाक्षेत्र भित्र नयाँ निर्माण गरीने घरको नक्सा पास तथा पुराना निर्माण भईसकेका घरको अभिलेखीकरण विद्युतीय प्रणाली (EBPS) मार्फत गर्ने कार्यलाई कडाईका साथ लागू गरिनेछ ।

10. गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूमा इन्टरनेट जडानको लागि नेपाल टेलिकम तथा अन्य सञ्चार माध्यमहरुसँग संझौता कार्य अगाडी बढाई सबै विद्यायहरुमा इन्टरनेट जडान गरि CC-Camera, E-Attendance, School Management System जस्ता विधि संचालन गरिनेछ ।

11. गाउँपालिकाको कार्यालयबाट गरिने सबै भुक्तानीहरु बैकिङ्ग प्रणालीद्धारा E-payment बाट गर्ने गरिएकोमा आगामी आ.व. ०८०।०८१ मा पनि यसलाई थप प्रभावकारी कार्यान्वयनका लागि निरन्तरता दिइनेछ ।

12. वडा तथा गाउँपालिकाबाट लिईने राजश्व, कर तथा सेवा शुल्क Digital E-Payment मार्फत लिईने कार्य गर्न आवश्यक पहल गरिनेछ ।

13. गाउँपालिका अन्तर्गत सबै वडा कार्यालय, स्वास्थ्य चौकी र आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा E-attendance सञ्चालन गरी गाउँपालिकामा सेन्टरलाईज (Centralized) गरिनेछ ।

14. Online सिफारिस दर्ता, चलानी लगायतका दैनिक प्रशासनिक कार्य व्यवस्थापन गर्न (Software) सफ्टवेयरको प्रयोग गरी प्रविधिमा सुशासन कायम गरिनेछ ।

**(घ) भवन निर्माण मापदण्ड नीति :**

1. गाउँपालिकाको भवन निर्माण आचार संहिता (Building By Laws) को प्रभावकारी कार्यान्वयनमा कडाइकासाथ लागू गरिनेछ ।

**४. वातावरण तथा विपद् व्यबस्थापन :**

1. **"स्वच्छ हावा, स्वस्थ जीवन"** भन्ने नारालाई साकार पार्न वायु प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन, पानी र फोहर पानी व्यवस्थापन, खुल्ला स्थान र हरियाली व्यवस्थापन, उर्जा तथा जलवायु परिवर्तन सम्बन्धी एकीकृत कार्यक्रमहरू संचालन गर्ने नीति लिइनेछ । साथै विपद् जोखिम न्यूनीकरण समेतको माध्यमद्वारा उत्थानशीलता अभिबृद्धि गरिनेछ ।

2. गाउँपालिकाको निश्चित क्षेत्रलाइ पकेटक्षेत्र कायम गरि घाँस तथा फलफुलको विरुवा रोपीनेछ ।

3. जोखिम संवेदनशील भू-उपयोग गुरुयोजना तयार गरी सोही अनुरुप जग्गा एकीकरण,जग्गा विकास,बस्ती विकास र सम्पदा संरुक्षण योजना कार्यान्वयनमा ल्याइनेछ ।

4. गाउँपालिका क्षेत्रभित्रका नदी तथा खोलाहरुमा विषादी हाल्ने, करेन्ट लगाउने जस्ता कार्य गर्न पूर्णतय रोक लगाइनेछ । यदि यसो गरेको प्रमाणीत भएमा गाउँपालिकाको आर्थिक ऐन अनुसार जरिवाना गरिनेछ ।

5. गाउँपालिका क्षेत्रभित्रका बन जंगलमा डढेलो लगाउने कार्यलाई निश्तेज गरि क्षती सम्वन्धि अभिमुखीकरण तथा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

6. गाउँपालिका भित्र रहेका जोखिमयुक्त क्षेत्र र स्थानहरुको पहिचान तथा प्राथमिकीकरण गरी विपद् जोखिम न्यूनीकरणका योजना तथा कार्यक्रमका सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

7. विपद् उद्धार कार्यमा प्रयोग हुने सामाग्री तथा उपकरण खरिद गरी प्रत्येक वडास्तरीय विपद् व्यवस्थापन समिति र स्थानीय प्रहरी चौकीमा राखी परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

8. **हाम्रो बन : हाम्रै मन** भन्ने मूल मन्त्रका साथ सार्वजनिक तथा सामुदायिक बन संरक्षण सम्बन्धी सचेतनामूलक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न र आय आर्जनमा टेवा पुग्ने खालका जडीबुटीजन्य बृक्षारोपण गर्ने व्यवस्था मिलाइनेछ ।

9. निर्माण भएका मोटर बाटोको दायाँ बायाँ, भिराला र खाली जग्गामा अम्रिसो, सजिवन, केतुके, असुरो जातका बृक्षारोपण गर्ने व्यवस्था मिलाइनेछ ।

10. माडी फाँटका खेतीयोग्य जमिन, कालीगण्डकी छेउका बस्ति कटान, खानीछापको पहिरो नियन्त्रण गर्न तथा अन्य वडाका जोखिमयुक्त बस्तीहरूको संरक्षण गर्नका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

11. उच्च भाग तथा खाली स्थानमा रिचार्ज पोखरीको निर्माण गरिनेछ । यसका लागी एक वडा एक पोखरीको नीति अवलम्बन गरिनेछ ।

12. विपद् सम्बन्धी पूर्व तयारी प्रतिकार्य योजना तर्जुमा गरी लागू गर्ने व्यवस्था मिलाइनेछ ।

13. विपद् व्यवस्थापन सम्बन्धी तर्जुमा भएको विपद् जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कनको प्रतिवेदन अनुसारको कार्य गर्ने व्यवस्था मिलाइनेछ ।

14. विपद्पश्चातको उद्धार तथा खोज, पुनर्स्थापना, राहत वितरण जस्ता कार्यलाई थप व्यवस्थित बनाउन आवश्यक मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

15. निजी तथा सामुदायिक वनमा अग्नी नियन्त्रण रेखा तयार गरी डढेलो नियन्त्रण गरिनेछ ।

**(क) फोहोरमैला व्यवस्थापन नीति :**

1. फोहोरमैलाको अन्तिम व्यवस्थापनमा प्रभावकारिता हासिल गर्न आधुनिक प्रविधिको उपयोग गरिनेछ । कुहिने फोहोर पुनःप्रयोग गर्न कम्पोष्ट प्लान्ट र बायो ग्याँस प्लान्ट स्थापना गर्न पहल गरिनेछ ।

2. स्रोतमै फोहर छुट्टाएर संकलन गर्ने प्रणाली लागु गरिनेछ । घरबाट उत्सर्जित हुने जैविक फोहोरलाई कम्पोष्टमल बनाई व्यबस्थापन गर्न प्रेरित गरिनेछ । चिकित्साजन्य र अन्य हानिकारक फोहोरलाई छुट्टै विसर्जन गर्ने व्यबस्था गरिने छ ।

3. फोहोर वस्तुको प्रशोधन र पुनःप्रयोग गर्ने तथा फोहोर बस्तुबाट नयाँ वस्तु उत्पादनमा कार्य गरिरहेका सामुदायिक संस्था, निजी, गैर सरकारी संस्थाको सञ्जाल निर्माण गरी यसलाई प्रोत्साहन दिइनेछ ।

4. फोहरमैला संकलन, बर्गीकरण, ढुवानी र विसर्जन गर्नका लागि उपयुक्त स्थान, त्यसको व्यवस्थापन र फोहोरमैलालाई आम्दानीको श्रोतको रुपमा उपयोग गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

5. फोहरमैलाको उपयुक्त व्यवस्थापन, बर्गीकरण, कम्पोष्टिङ्ग, पुनः प्रयोग तथा पुनः उपयोग सम्बन्धी व्यवस्था मिलाउन गाउँपालिका भित्र कार्य गर्ने विभिन्न गैर सरकारी संस्था, सामाजिक संस्थाको सहभागितामा सामाजिक परिचालन र जनचेतना अभिवृद्धि गर्न पहल गरिनेछ ।

6. फोहोरमैला संकलन र व्यवस्थापन कार्यलाई दिगो तुल्याउन सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुरुप निजी संघ संस्थासंग समन्वय गरी अगाडि बढाइनेछ ।

7. गाउँपालिका क्षेत्रभित्रको फोहारमैला व्यवस्थापनको लागी ल्याण्ड फिल्ड साइडको व्यवस्थापन गरिनेछ ।

8. फोहोरमैलालाई बर्गीकरण Three R अवधारणा (Reduce,Reuse and Recycle) अनुरुप घरपरिवार तहबाट नै व्यवस्थापन गर्न उत्प्रेरित गर्ने कार्यलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

**(ख) प्रदुषण नियन्त्रण नीति :**

1. गाउँपालिकालाई प्लाष्टिक झोला निषेधित क्षेत्र तथा पुर्ण सरसफाइयुक्त क्षेत्र निर्माणको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

2. घरबाट निस्कने फोहोर पानीलाई अनिवार्य रुपमा करेसाबारीमा प्रयोग गर्नुपर्ने नियम ल्याइनेछ भने घरभित्रको धुँवावाट प्रदुषण मुक्त गर्न प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गरिनेछ ।

3. गाउँपालिकालाई खादा मुक्तक्षेत्र घोषणा गरि कडाईका साथ कार्यान्वयन गरिनेछ ।

4. गाउँपालिकाका मुख्य बजार क्षेत्रलाई हर्न निषेधित क्षेत्रका रुपमा घोषणाका लागि नीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**(ग) हरियाली प्रबर्द्धन नीति :**

1. वातावरणमैत्री स्थानीय शासनका सुचकहरुलाई अबलम्बन गरी वातावरण बचाउ अभियानलाई कडाईका साथ कार्यान्वयन गरिने छ ।

2. प्राकृतिक वातावरण संरक्षणको लागि विविध रचनात्मक क्रियाकलापहरू वृक्षारोपण, सुधारिएको चुलो तथा वायोग्याँस निर्माण, लगायत कार्वन उत्सर्जन घटाउने नविनतम कार्यक्रमहरू संचालन गरिनेछ ।

3. गाउँपालिका भित्रको निश्चित क्षेत्रलाई वृक्षारोपण क्षेत्र घोषणा गरी सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा बृक्षारोपण गरी वातावरण संरक्षण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

4. गाउँपालिकाको समग्र विकास र प्रगति वातावरणसँग जोडिएको हुँदा यस गाउँपालिकालाई वातावरणमैत्री गाउँ घोषणा गर्ने गरी आ.व. २०८०।०८१ बाटै वातावरणमैत्री विकास निर्माणका कार्यक्रमहरू सञ्चालन गर्ने नीति तय गरी लागु गरिनेछ ।

5. वातावरणमैत्री गाउँ बनाउन आवश्यक पर्ने स्रोत साधन तथा प्राविधिक सहयोगलाई विभिन्न राष्टि«य तथा अन्तराष्ट्रिय संघ संस्थासँग तथा साझेदारीमा विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**(घ) जलवायु परिवर्तन अनुकूलन नीति :**

1. नेपालमा जलवायु परिवर्तन तिब्र रूपमा भएको र यसका बहुआयामिक असर र जोखिमहरू देखापरेका छन् । जलवायु परिवर्तनले पर्यावरणमा र समग्र नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा नकारात्मक असरहरू पारेको छ । आर्थिक, सामाजिक क्षेत्रमा हुने गिरावट र बढ्दो स्वास्थ्य समस्याका कारण भविष्यमा मानवीय सङ्कट र जीवनको जोखिम अझ बढ्ने देखिएको छ। समयमै गरिने जोखिम न्यूनिकरण र अनुकूलनका प्रयासले जलवायुजन्य हानि तथा नोक्सानीलाई कम गरी समुदायको अनुकूलन

क्षमता र जलवायु उत्थानशील विकासलाई प्रवर्द्धन गर्न मद्धत गरि जलवायु परिवर्तन अनुकुलन सम्वन्धी कार्यक्रम गरिनेछ ।

2. जलवायु परिवर्तनबाट हुनसक्ने प्रतिकूलताको सामना गर्न गाउँपालिकालाई Green तथा Energy Efficient पालिकामा रुपान्तरण गर्न आगामी आर्थिक वर्षमा बृहद् छलफल तथा अध्ययन गरी दीर्घकालिन रणनीति तयार गरिनेछ ।

3. गाउँपालिकालाई खानेपानी, सरसफाई र वातावरण संरक्षणको क्षेत्रमा अगुवा एवं नमुना गाउँपालिकाको रुपमा स्थापित गरिनेछ ।

4. सार्वजनिक जग्गामा बृक्षारोपण गर्ने नीति लिइ वातावरण संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

5. गाउँपालिका क्षेत्र भित्रका खोला तथा पानीका मुहान, ताल, पोखरी, कुवा, धारा आदिको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

6. गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण पानीको स्रोतको सर्भे एवं संरक्षण गर्ने नीति लिइ आवश्यक सूचना संकलन गरिनेछ ।

7. विकास योजना संचालन गर्दा साना योजनाहरुमा प्रारम्भिक वातावरणीय मूल्यांकन (IEA) र ठूला योजनाहरुमा वातावरणीय प्रभाव मूल्यांकन (EIA) गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ ।

8. भू-क्षय, वाढी, पहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरुसंगको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ ।

**(ङ) वातावरण तथा विपद् व्यवस्थापन नीति :**

1. गाउँपालिकाका पुर्वाधार विकास प्रकृयामा विपद् जोखिम न्यूनीकरणका अवधारणाहरुलाई अवलम्वन गरिने छ ।

2. विकासलाई विपद् जोखिमसँग जोडी विपद् प्रतिरोधात्मक संरचनाको निर्माण गर्ने नीतिलाई तदारुकताका साथ अगाडि बढाइने छ । विपद्का सम्भावित क्षेत्र पहिचानका लागि विपद् जोखिम नक्शांकन कार्यको शुरुवात गर्नुका साथै स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना निर्माण कार्यलाई अगाडि बढाइने छ ।

3. विपद् पुर्व तयारी तथा प्रतिकार्य कार्ययोजना तर्जुमा गरी उक्त कार्ययोजना बमोजिम विपद्को समयमा उद्दार गर्न हरेक वडामा एक तालिम प्राप्त विपद् उद्दार समुह गठन गरिनेछ । उक्त समुहलाई विपद्मा उद्दार गर्ने आवश्यक सामाग्री समेत उपलब्ध गराइने छ ।

4. विपद् व्यवस्थापन कोष संचालन कार्यविधि बमोजिम अघिल्लो कार्यकालवाट विपद् व्यवस्थापन कोष खडा गरी वजेट विनियोजन समेत भैसकेकोले उक्त कोषको प्रभावकारी परिचालको लागि आवश्यक थप वजेट विनियोजन गरिनेछ । .

5. गाउँपालिका अन्तर्गत ९ वटै वडा कार्यालयमा १/१ वटा खुला क्षेत्र घोषणा गरि त्यसको समुचित उपयोग गरिनेछ ।

6. गाउँपालिका तथा वडामा एकिन गर्नुपर्ने खुला क्षेत्रको अवधारणालाई एकिन एवं पहिचान गरि सकिएको हुदा विपद् व्यवस्थापनको लागि Rapid Response Team (RRT) / Community Rapid Response Team (CRRT) लाई आवश्यक तालिम प्रदान गरी तयारी अवस्थामा राखिनेछ ।

7. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण र आपत्कालीन कोष तथा सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।

8. विपद् व्यवस्थापनमा कर्मचारीहरुको क्षमता विकासका लागि कार्यक्रम तथा समय-समयमा काल्पनिक विपद् व्यवस्थापन अभ्यास गरिनेछ ।

9. जोखिम हस्तान्तरणका क्रियाकलापहरु जस्तै बाली तथा पशु विमा कार्यक्रम, स्वास्थ्य विमा कार्यक्रम साथै विपदको समयमा मानवीय सहयोगको प्रवन्ध तथा सवलीकरण कार्यक्रम गरिनेछ ।

10. पोषण तथा स्वास्थ्य प्रवर्द्धनका लागि स्थानीय सेवा क्षेत्रका मानव संसाधनलाई विपद्को बेला सहयोग गर्न सक्ने ज्ञान, सीप तथा व्यवहार परिवर्तनका लागि क्षमता विकास कार्यक्रमहरु, जस्तैः विपद् प्रतिकार्यका लागि खाद्यान्न संरक्षण र भण्डारणको व्यवस्था मिलाइनेछ ।

11. विपद् परेको बेला आधारतभूत स्वास्थ्य सेवामा पहुँच कार्यक्रम संचालन, महिला मैत्री सुरक्षित स्थानको व्यवस्थापन, सुरक्षित स्तनपान कक्षको व्यवस्थापन, शुद्ध खानेपानी तथा आकस्मिक चर्पीको व्यवस्थापन गरिनेछ ।

12. सामुदायिक वनलाई आयमा रुपान्तरण गरि आय-आर्जन बृद्धि गर्ने कार्यक्रम गरिनेछ ।

**५. संस्थागत विकास र सुशासन :**

**(क) संस्थागत तथा मानव संशाधन विकास :**

1. गाउँपालिकाको संगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गरी सवै तहका कर्मचारीहरुको कार्यविवरण बनाई लागू गरिनेछ । कर्मचारीको कामको मूल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाइनेछ ।

2. गाउँपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, निश्पक्ष, पारदर्शी र सेवाग्राहीमैत्री बनाई महत्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरुसँग कार्यसम्पादन करार सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्वन गरिनेछ ।

3. जनप्रतिनिधिहरुको क्षमता विकास गर्न तालिम तथा प्रशिक्षण कार्यक्रमलाई थप प्रभावकारी बनाई सञ्चालन गरिनेछ ।

4. गाउँपालिकालाई विभिन्न राष्टि«य तथा अन्तर्राष्टि«य स्थानीय तहहरुसँग भगिनि सम्बन्ध कायम गर्ने नीति लिइनेछ । यस कार्यमा गाउँपालिकाको विशेषता र विशेष पहिचान झल्किने गरी प्रकाशन सामाग्री तथा डकुमेन्ट«ी तयार गरिनेछ । साथै राष्टि«य तथा अन्तर्राष्टि«य सम्बन्ध विस्तार गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ

5. राज्यको चौथो अङ्ग सञ्चार क्षेत्रसँग समन्वय, सहकार्य र पारर्दशिता कायम गर्ने गरि समन्वयात्मक तबरले कार्यक्रम गरिनेछ । यसको लागी आवश्यक बजेटको विनियोजन गरिनेछ ।

6. जनतामा प्रवाह गरिने सेवालाई थप प्रभावकारी बनाउन गाउँपालिकामा कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यकमहरु संचालन गर्न क्षमता विकास योजना अनुरुप आवश्यक गोष्ठी, तालिम, प्रशिक्षण कार्यक्रम कार्यान्वयनका लागि बजेटको व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

7. गाउँपालिकाको प्रशासनिक व्यवस्था, सांगठनिक संरचना र संस्थागत प्रणालीलाई भरपर्दो, चुस्त, दुरुस्त, विश्वासनीय र प्रभावकारी वनाइनेछ ।

8. गाउँपालिका क्षेत्र भित्र उपभोक्ता समिति मार्फत गरिने कार्यलाई प्रभावकारी, पारदर्शी, छिटो छरितो र सहजीकरणका लागि उपभोक्ता समितिका पदाधिकारीलाई कार्य थालनी पूर्व अनिवार्य रुपमा अभिमुखिकरण तालिम प्रदान गरिनेछ ।

9. गाउँपालिका र वडा कार्यालयवाट संचालन हुने योजना, परियोजना र सेवा प्रवाहका सम्वन्धमा सम्पूर्ण सरोकारवालाहरु विच पारदर्शिता एवं जवाफदेहिता प्रवर्द्धनका लागि प्रत्येक चौमासिक रुपमा गाउँपालिका र वडास्तरिय सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

10. हाल कायम भएको संगठन तथा व्यवस्थापन संरचनालाई तोकीएको कर्मचारी दरबन्दी बमोजिम आवश्यक परिमार्जन सहित (O&M) सर्भे तयार गरिनेछ ।
11. गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना भै सकेकोले उक्त केन्द्रको उचित सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
12. गाउँपालिकाका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सम्पादन गरिने कार्य कानून सम्मत, मितव्ययी, प्रभावकारी, नियमित तथा दक्षतापूर्ण तरिकाले सम्पन्न गरी कार्य सम्पादनलाई विश्वसनिय बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसारको आन्तरिक नियन्त्रण प्रणालीको कार्यविधि तयार गरि कार्यान्वयनमा ल्याइनेछ ।
13. कार्यालयको वार्षिक कार्ययोजना तयार गरी सोही बमोजिम तोकिएको समयमै गुणस्तर यूक्त कार्य सम्पादनलाई कडाईका साथ लागू गरिनेछ ।
14. कर्मचारीको सामूहिक दुर्घटना बीमाको व्यवस्थाका लागी आवश्यक बजेट विनियोजन गरिनेछ ।
15. कर्मचारी कल्याणकोष व्यवस्थापनको लागी आवश्यक बजेट विनियोजन कार्यलाई निरन्तरता दिइनेछ ।

**(ख) सुशासन तथा सुरक्षा नीति :**

1. गाउँपालिकाबाट सञ्चालन हुने सबै प्रकारका योजना, आयोजना तथा कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कन गर्दै उक्त कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, प्रगति समीक्षा जस्ता कार्यहरुबाट पारदर्शिता एवम् स्थानीय शुसासन कायम गरिनेछ । चौमासिक रुपमा नतिजामूलक अनुगमन तथा मुल्याङ्कनको सिद्धान्त अनुसार योजनाहरुको अनुगमन प्रतिवेदन तयार गरी गाउँकार्यपालिका वैठकमा प्रस्तुत गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

2. सबै वडा कार्यालयहरुमा गुनासो सुन्ने अधिकारी, हेल्प डेक्स र विद्युतीय हाजिर व्यवस्था गर्दै नागरिक वडापत्रको व्यवस्था भएकोमा यसलाइ थप प्रभावकारी बनाईनेछ ।

3. गाउँपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम एवं विश्वसनीय बनाईनेछ । यसै आर्थिक वर्षभित्र सवै वडा कार्यालयमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका विवादहरु वडास्तरमै निरुपण गर्ने कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । वडा-वडामा मेलमिलाप केन्द्र स्थापना तथा संचालन भैसकेकोमा यसलाइ थप व्यवस्थापन गरि निरन्तरता दिइनेछ ।

4. गाउँपालिका स्तरीय वस्तुगत विवरण तयार गरि Digitization गरिनेछ ।

5. न्यायिक काम कारवाहीलाई सूचना प्रविधिसँग आबद्ध गरी विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई व्यवस्थित गरिनेछ ।

6. गाउँपालिका कार्यालय, वडा कार्यालय र गाउँ क्षेत्रका सबै सार्वजनिक निकायहरुमा नागरीक वडा पत्र तयार गरी कार्यान्वयनमा ल्याईसकिएको छ । साथै आगामी दिनमा आवश्यकता अनुसार तोकिएको

समयमा सेवाप्रवाह, लाग्ने दस्तुर लगायत समय र जिम्मेवारी कर्मचारी समेत तोकी सेवा प्रवाहलाई जनमुखी, पारदर्शिता सहित सुशासन कायम गरिनेछ ।

7. गाउँपालिका र वडा कार्यालयमा उत्कृष्ट कार्य गर्ने कर्मचारी तथा संस्थाको पहिचान गरी पुरष्कृत गर्ने परिपाटिलाई निरन्तरता दिईनेछ । त्यसै गरी उत्कृष्ट शिक्षक, उत्कृष्ट सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयंसेविका, आमा समुह, महिला समुह, सहकारी, वन समुह, कृषक समुह, टोल विकास समुह, निर्माण व्यवसायी, उपभोक्ता समिति लाई पनि पुरष्कृत गर्ने परिपाटीको शुरुवात गरिनेछ ।

8. कर्मचारीको शिष्टाचार तथा आचार संहिता र सेवाप्रवाह सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने व्यवस्था मिलाउदै सेवाग्राहीको सहजताका लागि गाउँ कार्यपालिकाको कार्यालयमा सहायता कक्ष सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

9. गाउँपालिका भित्रका करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन गरेर मात्र औचित्यको आधारमा नयाँ अवधिको लागि करार संझौता गर्ने व्यवस्था मिलाइनेछ ।

10. **उपभोक्ताको अधिकार : हाम्रो सरोकार** भन्ने नाराका साथ गाउँपालिकामा रहेका बजार क्षेत्रको अनुगमन कार्यक्रम नियमित रुपमा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

11. लैंगिक उत्तरदायी कार्यक्रम सञ्चालनमा प्राथमिकता दिइनेछ ।

12. लेखा परीक्षणबाट औल्याएका विषयहरूलाई कार्यान्वयन गरी बेरुजु न्यून गर्दै शून्य वेरुजु गाउँकार्यपालिका बनाउनेतर्फ अगाडि बढ्ने नीति लिइनेछ ।

13. सार्वजनिक सम्पतिको संरक्षण, सम्बर्धन र व्यवस्थित गरिनेछ भने कार्यालयको रेखदेख तथा सुरक्षाका लागि पाले पहराको व्यवस्था गरिनेछ ।

14. योजना कार्यान्वयनको चरणमा पनि योजना अनुगमन कार्यलाई थप सक्रिय पार्ने व्यवस्था मिलाइनेछ भने वडा तहमा योजना सम्झौता तथा बैंक खाता खोल्ने अभियानलाई निरन्तरता दिइनेछ ।

15. राजस्व सुधार कार्ययोजनालाई कार्यान्वयन गर्नुका साथै सेवाप्रवाहलाई अधिक मात्रामा प्रविधिमैत्री बनाउने व्यवस्था मिलाइनेछ ।

16. जनताप्रति जवाफदेही हुनका लागि **जनतासँग जनप्रतिनिधि** कार्यक्रम मार्फत गाउँपालिकाले सम्पादन गरेका हरेका क्रियाकलाप तथा गतिविधिलाई समेटेर साप्ताहिक कार्यक्रम उत्पादन र प्रसारण एवम् प्रकाशन गर्ने व्यवस्था गरिनेछ ।

**(ग) राजस्व परिचालन तथा वित्तिय व्यवस्थापन नीति :**

1. गाउँपालिकाको आन्तरिक श्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरा बिस्तार र राजश्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ ।

2. गाउँपालिकाले प्रवाह गर्ने सेवासँग सम्पत्ति कर, बहाल कर, व्यवसाय कर र विज्ञापन करलाई एकीकृत रुपमा आबद्ध गरिनेछ ।

3. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्नुका साथै आन्तरिक लेखापरीक्षण र कर परीक्षण कार्यलाई प्रभावकारी बनाइनेछ ।

4. गाउँपालिकाले संकलन गर्ने कर, सेवा शुल्क तथा जरिवाना बैकिंङ्ग प्रणालीबाट मात्र लिने नीति अवलम्बन गरिनेछ ।

5. नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको २२ वटा एकल अधिकार क्षेत्र भित्र रही श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण पद्धती अपनाई कर तथा राजस्व निर्धारण गरिने छ। सवै सरोकारवाला करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल वजेटमा आन्तरिक आम्दानीको हिस्सालाई बढाइदै लगिने छ।

6. गाउँपालिकाको राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) बमोजिम राजस्वका क्षेत्रहरुको पहिचान गरी राजस्व अभिबृद्धि गर्न आवश्यक पहल गरिनेछ। साथै राजश्वका दर तथा क्षेत्र निर्धारण गर्दा उक्त कार्ययोजनाले निर्देशित गरे अनुरुप स्थानीय राजस्व परामर्श समितिको सिफारिशको आधारमा करका दायराहरु निर्धारण गरिनेछ ।

7. राजस्व सम्बन्धी संभाव्यता अध्ययन कार्य यसै वर्ष अगाडि बढाइनेछ। राजस्व सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदनका लागि कर प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाइनेछ । सम्पत्ति करलाई व्यवहारिक, वैज्ञानिक र न्यायोचित वनाईने छ।

8. **म तिर्छु मैरै कर** भन्ने उद्घोषका साथ करका क्षेत्रलाई फराकिलो बनाउदै कर संकलन दर्ता शिविर, कर शिक्षा र सचेतना अभियान सञ्चालन गरिनेछ।

9. गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका विभिन्न व्यापार व्यवसायलाइ करको दायरामा ल्याउनको लागि कुल कर रकमको निश्चित रकम छुट दिइ करको दायरामा ल्याइनेछ।

### घ) विधेयक एवं ऐन नियम :

1. नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई दिएको अधिकारको पूर्ण उपयोग तथा परिपालना गर्न सङ्घीय र प्रदेश सरकारका प्रचलित कानूनसंग नबाझिने गरी कार्यपालिका र गाउँ सभाबाट आवश्यक ७४ वटा ऐन, नियम बनाई कार्यान्वयनमा ल्याई सकिएको छ। थप ऐन, नियम, निर्देशिका र कार्यविधि आवश्यकता अनुसार तर्जुमा एवं अनुमोदन गरी कार्यान्वयनमा ल्याईने छ ।

2. गाउँपालिका तथा वडा तहबाट सम्पादन हुने कार्यलाई बैधता दिनका लागि विधेयक समिति समेतको सिफारिसमा आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड र दिग्दर्शनलाई स्थानीय राजपत्रमा तत्काल प्रकाशन गरिने परिपाटीलाई निरन्तरता दिईनेछ ।

3. गाउँकार्यपालिकाको लागि आवश्यक थप ऐन, नियम निर्माण गर्नको लागि विषय विज्ञ समेतको परामर्श चाहिने हुँदा यसको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

**गाउँ सभाका सदस्यज्यूहरू,**

अब म गाउँपालिकाले आ.व.०८०/८१ मा प्राथमिकतामा राखेका प्रमुख कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु।

### क. आर्थिक विकास :

1. कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशिलताको प्रवर्द्धन गर्न मल,बिउ,कीटनाशक औषधीको उपलब्धता,उत्पादित बस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यबस्थामा सहजीकरण गर्न र सिंचाई सुविधाको विस्तारका लागि आवश्यक बजेटको व्यबस्था गरिनेछ।

2. किसानको लागत मुल्य प्राप्तिको सुनिश्चितताको लागि कृषि तथा पशु बिमा कार्यक्रमलाई प्रोत्साहित गर्न नीतिगत तथा कार्यक्रमगत व्यबस्था गरिनेछ।

3. गाउँपालिकाको सिमित स्रोत र साधनबाट प्रत्यक्ष रुपमा आर्थिक विकासमा योगदान पुग्ने वृहत कार्यक्रम नभए पनि अप्रत्यक्ष रुपमा कृषि,पशुपालन,पर्यटन र उद्योग वाणिज्य जस्ता क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरी आर्थिक विकासमा योगदान पुऱ्याउने खालका कार्यक्रमहरु तर्जुमा गरिनेछ।

4. गाउँपालिका भित्र रहेका बाँझो जग्गाहरुको एकीकृत तथ्याङ्क संकलन गरी सोको पूर्ण उपयोगको व्यबस्था मिलाउन भूमी बैंकको अवधारणा कार्यान्वयन गरी यसलाई प्रोत्साहित गर्न कर सहुलियत तथा अनुदानको व्यबस्था गरिनेछ ।

5. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सीपमुलक तालिमको व्यबस्था गरी उत्पादित बस्तुहरूको बजारीकरणको लागि सहयोग प्रदान गरिनेछ ।

6. रोजगारीको खोजीमा रहेका जनशक्तिलाई विभिन्न क्षेत्रका रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।

7. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने आयोजनाहरूका लागि निर्माण सामाग्री खरिद गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

8. समग्र युवाहरुको सीप, क्षमता र अनुभवलाई एकिकृत गरी स्थानीय तहमा नै संभावनालाई पहिचान गरी रोजगारीको श्रृजना गरिनेछ ।

9. रोजगारी र श्रममा तरुण सीप र वृत्ति विकास, सवै यूवा यूवतीलाई सम्मानित रोजगार तथा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।

10. बैदेशिक रोजगारमा गएका व्यक्ति, उनीहरुको परिवार र बैदेशिक रोजगारवाट फर्केका व्यक्तिहरुको विवरण सहितको प्रोफाइल तयारी गरि उनिहरुको सीप, क्षमता र श्रोतलाई पालिकामै सदुपयोगका लागि प्रोत्साहन गरिनेछ ।

11. रोजगारमा प्रबेश गर्ने यूवाहरुको सीप विकासका लागि सीपमुलक तालिमहरुको व्यवस्था गरी उनीहरुको रोजगारी सुरक्षित र कमाइलाई लाभदायि बनाईनेछ ।

12. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृती र पुनःश्रम स्वीकृतीको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ ।

**ख. सामाजिक विकासः**

1. गाउँपालिका क्षेत्रभित्र बसोबास भएका गर्भावती महिलालाई नजिकको स्वास्थ्य संस्थामा लैजाने र उक्त संस्थामा उपचार सम्भव नभए अन्यत्र सिफारिश भई लैजानुपर्ने अवस्था श्रृजना भएमा उक्त सेवा वापत लाग्ने एम्वुलेन्स खर्च निश्चित विधि र मापदण्ड तयार गरि गाउँपालिकावाट व्यहोरिनेछ ।

2. स्वास्थ्य चौकी तथा स्वास्थ्य एकाईबाट प्रदान गरिने खोप सेवा,सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य,पोषण लगायतका सेवाहरु र उपचारात्मक सेवाका लागि आवश्यक औषधी उपकरण तथा स्वास्थ्य सामाग्रीको लागि आवश्यक बजेटको व्यबस्था गरिनेछ ।

3. खोप, सुरक्षित मातृत्व, प्रजनन् स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग आधारभूत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकालाई परिचालन गर्न आवश्यक बजेटको व्यबस्था गरिनेछ ।

4. गाउँपालिका क्षेत्रभित्रका विद्यालयको नक्साङ्कन तयार गरी विशिष्टिकृत कार्यविधि तथा मापदण्ड तयार गरी विद्यालय समायोजन, दरवन्दी मिलान कक्षा न्यूनिकरण र विद्यालयको स्तरीकरण Grading गर्ने कार्यलाई जोड दिईनेछ ।

5. स्वास्थ्य सम्बन्धि मापदण्ड पालना गरी पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाइको प्रवन्ध गर्न बजेटको व्यबस्था गरिनेछ ।

6. अपाङ्ग, दलित, असहाय तथा अती विपन्न विद्यार्थीहरुका लागि कक्षा १ देखी कक्षा १२ सम्म शैक्षिक खर्च व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।

**ग. पूर्वाधार विकास :**

1. गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका लिफ्टिङ खानेपानी आयोजना संचालन गर्न मोटर र सोको मिटरमा रेकर्ड भएको विद्युत महसुल गाउँपालिकावाट भुक्तानी गर्ने गरिएकोमा उक्त कार्यलाई निरन्तरता दिइनेछ ।

2. गाउँपालिकाको प्रशासनिक भवन निर्माणको अन्तिम चरणमा पुगेकोले आगामी आर्थिक वर्ष देखी आफ्नै प्रशासकीय भवनवाट सेवा प्रवाह गरिनेछ ।

3. गाउँपालिकाका योजना छनोट गर्दा टुक्रे योजना लाई कम तथा निस्तेज पारि पालिका स्तरीय ठूला र महत्वपूर्ण योजना छनोट गरि वजेट विनियोजन गरिनेछ ।

4. गाउँपालिकाको आगामि आर्थिक वर्षमा भौतिक पूर्वाधार तर्फका आयोजनाहरुको DPR तयार गरि विकास निर्माणका कार्यलाइ अगाडी बढाइनेछ ।

5. गाउँपालिकाको आफ्नै Rural Transportation Master Plan तयार गरि आगामी आर्थिक वर्षमा सडक निर्माणका लागि RTMP अनुसार नै आवश्यक वजेटको व्यवस्था गरिनेछ।

6. गाउँपालिकाको आफ्नै भवन निर्माण संहिता लागु भईसकेकोले उक्त संहिता अनुरुप सडकका क्षेत्राधिकार नमिचि नक्सा पास तथा अभिलेखिकरणको कामलाई थप व्यवस्थित गरिनेछ ।

7. गाउँपालिका स्थित सरकारी तथा सार्वजनिक स्थलमा सामुदायिक भवन, घर टहरा वनाउने कार्य पूर्ण रुपमा निष्तेज गरिनेछ ।

8. गाउँपालिका भित्रका मुख्य मुख्य सडकलाई बाह्रै महिना सुचारु राख्नका लागि मर्मत संभार कोषको व्यवस्थापन गरि आवश्यकताका आधारमा सोही बमोजिम मर्मत संम्भार गरिनेछ ।

9. गाउँपालिका क्षेत्रभित्र नयाँ वन्ने सरकारी भवन, विद्यालय भवनहरु तथा अन्य संरचना अपाङ्ग, महिलामैत्री र वालमैत्री बनाइनेछ ।

10. गाउँपालिका क्षेत्रभित्र व्यवस्थित तथा वैज्ञानिक फोहोर व्यवस्थापनका लागि Landfill Site को आवश्यक भएकोले Landfill Site को निर्माण गरिनेछ ।

11. गाउँपालिका क्षेत्रभित्र रहेका कच्चि र अव्यवस्थित सडकहरुलाई पक्कि वनाउने र नयाँ ट्र्याक खोल्ने काम वन्द गरि सडक स्तरोन्नति को कामलाई प्राथमिकता दिइनेछ ।

12. गाउँपालिका क्षेत्रभित्र रहेको धार्मिक पर्यटकीय स्थल सम्म सहजै पुग्नको लागि पक्की मोटर वाटो निर्माण तथा पालिका भित्रका प्रत्येक वडामा कम्तिमा एक यात्रु प्रतिक्षालय निर्माण गरिनेछ ।

13. गाउँपालिका क्षेत्रभित्र रहेको अव्यवस्थित र जोखिमयुक्त रुपमा रहेको बिजुलीको पोलहरुलाई व्यवस्थित गर्नका लागि आवश्यक समन्वय गरिनेछ ।

14. गाउँपालिका क्षेत्रभित्र दक्ष कामदार उत्पादन गरि निर्माणका कार्यहरुलाई थप गुणस्तरयुक्त वनाउनका लागि गाउँपालिका स्तरमा डकर्मी तथा प्लम्विङ सम्वन्धि तालिमको आयोजना गरिनेछ ।

15. योजना छनौट गर्दा नतिजामा आधारित सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको मर्म र भावना समेटिने गरी छनौट गरिने छ ।

16. गाउँपालिका क्षेत्रभित्र रहेका स-सानो खोला खोल्सीमा आवश्यकता अनुसार फड्के निर्माण गरिनेछ ।

17. ९ वटा वडा कार्यालय मध्ये वडा नं. १, २, ४, ८, ७ र ९ मा वडा कार्यालय भवन निर्माण भएको र वडा कार्यालयवाट सेवा सूचारु भएको छ । बाँकी ३, ५ र ६ वटा वडा कार्यालयको लागी भवन निर्माण गर्न आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

**घ. वातावरण तथा विपद् व्यवस्थापन :**

1. बिपद्हरुको रोकथाम तथा न्यूनीकरणको लागि पुर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद् व्यबस्थापन कोषमा आवश्यक बजेटको व्यबस्था गरिनेछ ।

2. पूर्वाधार विकासका क्रियाकलापहरू संचालन गर्दा विपद् जोखिम संवेदनशिलतालाई ध्यानमा राखी कार्यक्रमहरु संचालन गरिनेछ ।

3. चालु आ.व. का लागि वातावरण तथा विपद् व्यवस्थापनको क्षेत्रमा विनियोजन गरीएको बजेटबाट क्षती अनुसारको राहत वितरण गरिएकोमा आगामी आ.व. २०८०/०८१ मा पनि विपद् व्यवस्थापनको क्षेत्रमा वजेट व्यवस्थापनको कार्यलाई निरन्तरता दिईनेछ ।

4. गाउँपालिका क्षेत्रभित्र हुन सक्ने वन अतिक्रमण कार्यलाई कडाईका साथ रोकथाम एवं नियन्त्रण गरीने छ ।

5. विषादीहरुको प्रयोग निरुत्साहित गर्न जैविक मल तथा विषादी उत्पादन प्रणालीलाई प्रोत्साहित गरिनेछ ।

**ङ. संस्थागत विकास तथा सेवा प्रवाह :**

1. सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको आ.व. २०८०/०८१ का लागि नेपाल सरकारले तोकेको आधार तलव तथा भत्ता लगायतको सेवा सुविधा व्यवस्थापन गर्ने गरि कार्य सम्पादनका आधारमा सेवा अवधि आवश्यकता र औचित्य हेरि म्याद थप गरिनेछ ।

2. गाउँपालिकामा कार्यरत कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

3. गाउँपालिकामा रहेको कर्मचारी कल्याण कोष निरन्तरताको लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।

4. कर्मचारी दरवन्दी चार्ट (O&M) संगठन र व्यवस्थापन सर्भे गरि आवश्यक कर्मचारीको मात्र व्यवस्थापन गरिनेछ ।

5. गाउँपालिका क्षेत्रभित्र संचालित स्वास्थ्य संस्थाहरुवाट हुने सेवाप्रवाह तथा सुशासनलाई प्रवर्द्धन गर्नका लागि विगतदेखी संचालन गर्ने गरिएको सामाजिक लेखापरिक्षण लाई निरन्तरता दिन आवश्यक व्यवस्था गरिनेछ ।

6. गाउँपालिकाको आफ्नो सुविधा सम्पन्न कार्यालय भवन संघीय सरकारले सृजना गरेको दरवन्दी तथा (O&M) सर्भे अनुसार आवश्यक कर्मचारी, प्रविधि तथा उपकरणको व्यवस्थापन गरी दैनिक प्रशासनिक लगायत अन्य सेवा प्रवाहलाई चुस्त, दुरुस्त र पारदर्शी बनाईनेछ ।

7. प्रविधिमैत्री सेवाप्रवाहका लागि आवश्यक प्रविधि, सफ्टवेयर र जनशक्तिको व्यवस्थापन गरिनेछ ।

**च. वित्तिय व्यवस्थापन र शुसासन :**

1. विगतदेखि नै कायम रहेको पेश्की बेरुजु घटाउनको लागि पेश्की बेरुजुको लगत तयार गरी बैज्ञानिक वेरुजु फछ्र्यौट प्रणालीका आधारमा पेश्की बेरुजु फछ्र्यौट गरिनेछ ।

**छ) संकट व्यबस्थापन :**

1. आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गर्ने आयोजना छनोट र कार्यान्वयन गरिनेछ ।

2. संक्रमण जोखिम रहँदासम्म अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला,जेष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिहरुलाई राहतका कार्यक्रम संचालन गर्न बजेटको व्यबस्था गरिनेछ ।

3. संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यबस्था गरिनेछ ।

**गाउँसभा सदस्य ज्यूहरू**

**अन्त्यमा,**

गाउँपालिकालाई विगतको ऐतिहासिक, सांस्कृतिक, समुन्नत बिरासतलाई इतिहास, वर्तमान र भविष्यसँग जोड्दै समृद्धितर्फ लैजाने, जनताको सापेक्ष विकासका चाहना पूरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बिचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको समिश्रणवाट उत्तर-आधुनिक विकासको खाका कोर्ने र तदानुरूपका अत्याधुनिक पूर्वाधार र संरचना तयार गरी बगनासकालीलाई समुन्नत बनाउने सन्दर्भमा हाम्रा प्रयत्नहरू निरन्तर जारी रहने छन् । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण गाउँवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै बगनासकाली गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, गाउँपालिकाका कर्मचारीहरु, गाउँपालिका निवासी र सम्पूर्ण वुद्धिजीवी एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

**धन्यवाद ।**
**जय बगनासकाली !!!**
**सरस्वती चिदी दर्लामी**
**अध्यक्ष**
**बगनासकाली गाउँपालिका**